# अध्याय-एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'उच्च माध्यमिक विद्यालय कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमको तुलनात्मक अध्ययन'** रहेको छ ।

## १.२ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा स्नातकोत्तर तह दोस्रो वर्षको विशिष्टीकरण विषय नेपा.शि. ५८९ पाठ्यांशको प्रयोजनको निम्ति प्रस्तुत गरिएको हो ।

## १.३ विषय परिचय

एस.एल.सी.परीक्षा उत्तीर्ण गरिसकेपछि १०+२ भनेर उच्च माध्यमिक तहको पठनपाठन हुँदै आइरहेको छ । यस तहका लागि कक्षा ११ र १२ गरी दुई वर्षको समय तोकिएको छ । कक्षा ११ र १२ मा अनिवार्य विषयहरूका साथै विभिन्न ऐच्छिक विषयहरू पनि समावेश गरिएको पाईन्छ । जसमध्येको एउटा विषय ऐच्छिक नेपाली पनि हो । यसलाई कक्षा ११ र १२ मा १००/१०० पूर्णाङ्कको अनिवार्य नेपाली कक्षा ११ मा राखिएको छ भने विज्ञान सङकायतर्फ कक्षा १२ मा अनिवार्य नेपाली राखेको छ । यसका साथै शिक्षातर्फ ५० पूर्णाङ्कको प्रारम्भिक नेपाली शिक्षण पनि ऐच्छिक विषयमा समावेश गरिएको छ । यसबाट नेपाली विषयलाई प्राथमिकताका साथ अध्ययन अध्यापन गराइदै आएको कुरा स्पष्ट हुन्छ । कक्षा ११ र १२ का पाठ्यक्रमम आलग-अलग विधाहरूलाई समावेश गरेर १०+२ का विद्यार्थीहरूको ज्ञानको क्षेत्र विस्तार गर्ने उद्देश्य राखिएको छ ।

विधाअनुसार शिक्षण विधि र क्रियाकलापहरू पनि फरक फरक रहेको पाइन्छ । कक्षा ११ मा कथा, उपन्यास, निबन्ध, नेपाली भाषा र साहित्यका विषयवस्तु समेटिएका छन् भने कक्षा १२ मा कविता, खण्डकाव्य, नाटक, एकाङ्की र नेपाली साहित्यको इतिहास जस्ता विषयवस्तु समेटिएका छन् । यसकारण कक्षा ११र १२ का ऐच्छिक नेपाली विषयका पाठ्यक्रमका बीचमा देखापरेका समानता-असमानताहरूलाई औंल्याउन यो शोधपत्र तयार परिएको हो ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन्

१) भाषापाठ्यक्रम अध्ययनका सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नु,

२) उच्च माध्यमिक विद्यालय कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपालीका पाठ्यक्रमहरुको सामान्य परिचय दिनु,

३) स्तर अनुरूपताका आधारमा उक्त तहका पाठ्यक्रमहरूको विश्लेषण गर्नु ,

४) उक्त पाठ्यक्रमहरूका बीचमा विधागत समानता भए नभएको पहिल्याउनु ,

५) उक्त पाठ्यक्रमहरूको तुलनात्मक अध्ययनको निष्कर्ष दिनु ।

## १.५ समस्या कथन

शिक्षाको उद्देश्य निर्धारण भइसकेपछि त्यसलाई पूरा गर्न मार्गनिर्देशन गर्ने माध्यमलाई नै पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम निर्माण गर्दा विभिन्न किसिमका बाधा व्यवधानहरू आइपर्छन । पाठ्यक्रम निर्माणका क्रममा विशेष गरी सिकारूको स्तर, रूचि, आवश्यकता, उमेरजस्ता कुराहरूलाई ध्यान दिनु पर्ने हुन्छ । उद्देश्य पूरा गर्न सक्ने खालको पाठ्यक्रम निर्माण हुन सकेन भने शैक्षिक लगानीको बर्वादीको साथै विद्यार्थीहरूको भविष्य पनि अन्यौलमा पर्न जान्छ । यसका लागि पाठ्यक्रम निर्माणदेखि प्रतिफल प्राप्त हुँदा सम्मका प्रत्येक अवस्थाहरूमा शिक्षाविद् तथा पाठ्यक्रम निर्माताहरूले विशेष ख्याल गर्नु पर्ने हुन्छ । यस अध्ययनमा कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमबीचको तुलनालाई समस्याको रूपमा लिइएको छ । यी दुवै पाठ्यक्रमका विशेषताहरू पहिल्याई दुवैको तुलना गर्नु नै प्रमुख समस्या रहेको छ । उक्त समस्यासम्बन्धी प्रश्नहरू निम्नलिखित छन् -

१) उच्च माध्यमिक शिक्षा परिषद्बाट स्वीकृत सार्वजनिक एवम् निजि विद्यालयहरूमा पठनपाठन हुँदै आइरहेको कक्षा ११ र कक्षा १२ को ऐच्छिक नेपाली विषयका पाठ्यक्रमहरू स्तरीयताका दृष्टिले के कस्ता छन् ?

२) यी दुवै पाठ्यक्रमका बीचसमानता असमानताका पक्षहरू के-के छन् ?

३) पाठ्यक्रम निर्माणका लागि आवश्यक पर्ने तत्त्वहरूलाई उपयोगमा ल्याइएको छ, छैन्?

४) समग्रमा उक्त दुवै पाठ्यक्रमका विशेषताहरू के-के छन् ?

## १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान कार्यको थालनी गर्दा पूर्वकार्यका आधारमा गर्दा सजिलो हुन्छ । पूर्वकार्यको आधारमा अध्ययन अनुसन्धान गर्दा भावी अनुसन्धानहरू दोहोरिने सम्भावना पनि कम हुन्छ । भाषालाई भावनात्मकता र बैचारिकताको बोध गराउने माध्यम मानिएकोले भाषा पाठ्यक्रमहरूको अध्ययन भइरहनु आवश्यक मानिन्छ । यस्ता अध्ययनका लागि विभिन्न प्रयासहरू हुँदै आइरहेका पाइन्छन् । यसरी नेपाली भाषा विषयका पाठ्यक्रमहरूका बारेमा के -कति अध्ययनहरू भएका छन् भनी थाहा पाउन पूर्वकार्यको समीक्षा गर्नु वा पूर्व अनुसन्धानहरूलाई नजर गर्नु अति आवश्यक मानिन्छ । यसबाट आफूले अध्ययन गर्न खोजेको विषयमा काम गर्दा उक्त कार्यलाई सजिलैसँग अगाडि बढाउन वा पूरा गर्न सकिन्छ । त्यसैले यस शोधकार्यसँग सम्बन्धित शीर्षकहरू वा पाठ्यक्रमका बारेमा हालसम्म भएका अध्ययन एवम् अनुसन्धान कार्यलाई तल प्रस्तुत गर्न खोजिएको छ ।

'शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्व' नामक अध्ययन प्रतिवेदनमा माध्यमिक शिक्षाका पाठ्यक्रम पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । यसमा मा.वि. तहका नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूको विश्लेषण गरिएको छ । यसका साथै पाठ्यक्रममा समसामयिक सुधार गर्ने जस्ता महत्वपूर्ण सुझाव प्रस्तुत गरिएको छ ।

नेपाली विषयक शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन (२०३४:२९ को अधिकारी :शर्मा) कार्य विवरणमा माध्यमिक र उच्च शिक्षाका नेपाली भाषा पाठ्यक्रमका सम्बन्धमा उल्लेख गरिएको छ । यस प्रतिवेदनले सुरूदेखि वि.सं. २०२० सालसम्मको नेपाली भाषा पाठ्यक्रमको विकासक्रमको अध्ययन गरेको पाइन्छ । यस अध्ययनले वि.सं. २०२८ सालपछि मा.वि.तहका लागि तयार गरिएको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको पुरानो प्रारम्भिक नेपाली र पुर्वीय भाषा नेपालीलाई समन्वयात्मक गर्न प्रयास भएको कुरा पनि उल्लेख गरिएको छ ।

त्यसै गरी ध्रुव कुमार घिमिरेद्वारा 'पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन' त्रि.वि.पा.वि. पूर्णाङ्क ३१,२०५१:४९ प्रवीणता प्रमाणपत्र तहको पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमका बीच तुलना गरिएको छ । यस प्रतिवेदनले दुई पाठ्यक्रमका बीच तुलना गर्न उद्देश्य, अङ्कभार, पाठ्यभार, विषयवस्तु र मूल्याङ्कनलाई आधार बनाएको छ । यस अध्ययनमा प्रवीणता प्रमाणपत्र तहको पुरानो र नयाँ अनिवार्य

नेपाली भाषापाठ्यक्रमका समानता-असमानता, उपयुक्तता-अनुपयुक्तताका बारेमा अध्ययन विश्लेषण गरिएको छ ।

दिलनाथ पुरी (२०५५) द्वारा 'माध्यमिक र उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०३८ र २०४९/५० को तुलनात्मक अध्ययन' नामक शीर्षकमा शोध कार्य गरिएको पाइन्छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्न उद्देश्य, विषयवस्तु, अङ्कभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ ।

तीर्थराज खतिवडा (२०५३) द्वारा 'प्राथमिक शिक्षा नेपाली भाषापाठ्यक्रम २०३६/३८ र २०४९ को तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनमा २०३८/३८ र २०४९ का प्राथमिक शिक्षा नेपाली पाठ्यक्रमबीच तुलना गर्नको लागि उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई आधार बनाइएको छ ।

गीता खनाल (२०६२) द्वारा 'प्राथमिक तहका नेपाली भाषापाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । यस अध्ययनमा उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रिया जस्ता कुराहरूलाई अध्ययनका विषयवस्तु बनाइएको छ ।

मैयाँ खड्का (२०५९) द्वारा 'माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०३८ र २०५५ को तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । यसमा पाठ्यक्रमका सवल र दुर्वल पक्षहरूका साथै सुझावहरू र भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू पनि समावेश गरिएको छ ।

त्यसैगरी प्रेमप्रसाद शर्मा (२०६०) द्वारा 'निम्न माध्यमिक तहका अनिवार्य नेपाली भाषापाठ्यक्रम २०३८ र २०४९/५० को तुलनात्मक अध्ययन' नामक शीर्षकमा अध्ययन गरिएको छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्न उद्देश्य, विषयवस्तु, अङ्कभार, पाठ्यभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ ।

नारदकुमार थापा (२०६२) द्वारा 'माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन' नामक शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्न उद्देश्य, विधा, अङ्कभार र पाठ्यभार, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई आधार बनाइएको छ । शोध पत्रको अन्त्यमा

निष्कर्ष र सुझावका साथै भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू समेत उल्लेख गरिएको पाइन्छ ।

त्यसैगरी गोमा पाण्डे (२०६३) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन' नामक शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप छन्, छैनन् भनी अध्ययन विश्लेषण गरिएको पाइन्छ ।

उपर्युक्त अध्ययनहरूको आधारमा हालसम्म भएका विभिन्न तहका भाषा पाठ्यक्रमहरू सम्बन्धी जानकारी प्राप्त भएको पाइन्छ । यसले गर्दा शोधकर्ताहरूलाई अझ नयाँ विषयवस्तुमा तुलना गर्न अभिप्रेरित गराएको आभाष हुन्छ ।

## १.७ अध्ययनको औचित्य

राष्ट्रिय र सामाजिक आवश्यकता अनुसार समयानुकूल शिक्षानीति एवम् शैक्षिक उद्देश्यहरू तयार पारिएका हुन्छन् । त्यसै अनुसारका विषयवस्तु तथा सामग्रीहरू जुटाएर पाठ्यक्रम निर्माण गरियो भने शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी एवम् सान्दर्भिक हुन सक्दछ । यस अध्ययनबाट कक्षा ११ र कक्षा १२ का लागि निर्धारण गरिएका ऐच्छिक नेपाली पाठ्यक्रमको सामान्य परिचय सहित दुवैका बीचको तुलना तथा सम्बन्ध निरूपण समेत गर्न सकिन्छ । यस अध्ययनबाट दुवै पाठ्यक्रम विद्यार्थीको उमेर, स्तर, पूर्वज्ञान आदि को आधारमा तयार पारिएका छन् , छैनन् भन्ने कुराको सामान्य जानकारी लिन पनि सहयोग मिलेको छ । साथै यस शोधकार्यका माध्यमबाट पाठ्यक्रमनिर्माता, विद्यार्थी, शिक्षक, भावी सुधारकर्ता, अध्ययन एवम् अनुसन्धानकर्ताहरूलाई हदसम्म भए पनि झक्झक्याउने काम भएको अनुभव हुन्छ । यसका साथै यस अध्ययनबाट भावी अनुसन्धानका लागि पनि केही सहयोग मिल्ने आशा रहेको छ । यस्ता विभिन्न कारणहरूले गर्दा यो शोध कार्य औचित्यपूर्ण रहन गएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यो शोधकार्य उच्च माध्यमिक शिक्षा परिषद्‌बाट स्वीकृत सार्वजनिक तथा निजी विद्यालयहरूमा पठनपाठन हुँदै आइरहेका कक्षा ११ र कक्षा १२ का ऐच्छिक नेपाली विषयका पाठ्यक्रमका बीचमा तुलनात्मक अध्ययन गर्ने कार्यमा सीमित रहेको छ । यसअन्तर्गत उपरोक्त दुई पाठ्यक्रमका बीचमा समानता असमानता केलाउने कार्य गरिएको छ । साथै उक्त पाठ्यक्रममा भेटिएका सबल एवम् दुर्वल पक्षहरूको पहिचान गरी निष्कर्ष एवम्

सुझाव दिने कार्यसम्म यस शोधको सीमा निर्धारण गरिएको छ । यसका साथै स्तर अनुरूपताका आधारमा पनि यी दुवै पाठ्यक्रमको अध्ययन विश्लेषण गर्नु यो शोधकार्यको सीमाभित्र समेटिएको छ ।

## १.९ अध्ययन विधि

यस अध्ययनमा खास गरी पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । साथै सम्बन्धित विषयविज्ञ तथा विद्वानहरूका सल्लाह, सुझाव एवम् लिखित कृतिहरू, पत्रपत्रिका तथा लेख रचनाहरूलाई आधार बनाइएको छ । अध्ययन विश्लेषण गर्दा सकेसम्म सङ्क्षिप्तता र वस्तुगतता अपनाइएको छ । पाठ्यक्रमको विश्लेषणमा स्तरअनुरूपता, क्रमबद्धता, विद्यार्थीको मानसिक अवस्था जस्ता कुरामा समेत ध्यान दिइएको छ । अध्ययनका लागि वर्णनात्मक, विवरणात्मक सोधपुछ तथा तुलनात्मक विधिको प्रयोग गरिए पनि मुख्यतः तुलनात्मक विधिलाई नै उपयोगमा ल्याइएको छ । सामग्री सङ्कलनका निम्ति प्रयोगमा ल्याइएका प्राथमिक स्रोतीय सामग्रीका रूपमा कक्षा ११ का ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमहरू सङ्कलन गरी उपयोग गरिएको छ भने द्वितीयक स्रोतीय सामग्रीका रूपमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माता, सम्बन्धित विषय विशेषज्ञ, विद्वानवर्ग तथा शिक्षाविद्हरूका सल्लाह सुझावका साथै विभिन्न सामग्रीहरूलाई आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

यस शोधपत्रलाई निम्नलिखित पाँच अध्याय (परिच्छेद) हरूमा विभाजन गरेर अध्ययन गरिएको छ ।

अध्याय-एक मा शोधशीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यका उद्देश्यहरू, अध्ययन विधि, पूर्वकार्यको समीक्षा, शोधपत्रको रूपरेखा जस्ता कुराहरू समेटिएका छन् ।

अध्याय-दुई मा भाषा पाठ्यक्रमको सैद्धान्तिक परिचय दिइएको छ ।

अध्याय-तीन मा कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमको परिचय दिइएको छ । साथै पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध बारे उल्लेख गरिएको छ ।

अध्याय-चार मा निर्धारित पाठ्यक्रमहरूको स्तर अनुरूपताको अध्ययन गरिएको छ र दुवै पाठ्यक्रमको विभिन्न आधारमा तुलनात्मक अध्ययन पनि गरिएको छ ।

अध्याय-पाँच मा अध्ययनको निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई

## पाठ्यक्रमको सैद्धान्तिक परिचय

### २.१ पाठ्यक्रमको परिचय

शिक्षाको उद्देश्य निर्धारण भइसकेपछि त्यहाँसम्म पुग्न विभिन्न शैक्षणिक क्रियाकलापहरू पार गर्नुपर्दछ । शैक्षणिक उद्देश्य प्राप्तिका निम्ति जुन-जुन क्रियाकलापहरूको अनुसरण गरिन्छ, त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रम अङ्ग्रेजी शब्द 'Curriculum' को नेपाली रूपान्तरण हो । यस शब्दको उद्गम ल्याटिन भाषाको 'Currere' शब्दबाट भएको हो । यसको अर्थ 'दौडको मैदान' भन्ने हुन्छ । शब्दिक अर्थमा पाठ्यक्रमलाई निर्धारित उद्देश्य सम्म पुऱ्याउने धावनमार्गका रूपमा लिइन्छ । जसरी दौडको मैदानमा धावक एक निश्चित रेखाबाट दौड सुरू गर्छ र गोरेटोको बीच हुँदै अन्तिम रेखासम्म पुग्दछ, त्यसै प्रकारले पाठ्यक्रममा पनि कुनै एक निर्धारित समयबाट निर्धारित समयसम्मको कार्यक्रम तोकिएको हुन्छ । विद्यालयको सिङ्गो जीवन र कार्यक्रमको प्रतिनिधित्व गर्ने पाठ्यक्रमले विद्यार्थीहरूमा आवश्यकता अनुरूप व्यवहारिक पविर्तनहरू ल्याउनका लागि सिकाइ अनुभवहरू एकत्रित गर्न र शिक्षण सिकाइ कार्यकलापबाट विद्यार्थीहरूमा आएका परिवर्तनहरूको अङ्कन, लेखाजोखा तथा मूल्याङ्कन गर्न तयार पारिने योजना नै पाठ्यक्रम हो । पाठ्यक्रममा विद्यार्थीले कुनै खास तह पूरा गरिसकेपछि हासिल गर्नु पर्ने उद्देश्यहरू त्यसका निम्ति आवश्यक शैक्षिक सामग्रीहरू, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन एउटा चक्रजस्तै घुमिरहेका हुन्छन् । त्यसैगरी पाठ्यक्रमको शाब्दिक अर्थ लगाउन खोज्दा पाठ्यक्रम भन्नाले 'पाठ्य कुराहरूको सुनिश्चित क्रम' वा 'शिलशिला' भन्ने बुझिन्छ । *(ढुङ्गेल र दाहाल, (२०६१/२०६२:१)*

पाठ्यक्रम शैक्षिक क्रियाकलापहरूको त्यो ढाँचा हो, जसमा विद्यालयभित्र र बाहिरका क्रियाकलापहरू समेत समावेश भएका हुन्छन् । विद्यार्थी, समाज र शिक्षकका इच्छा र चाहनाहरू समावेश भएका हुन्छन् । पाठ्यक्रमले के, कहिले र कसरी शिक्षा प्राप्त गर्ने भन्ने कुराहरू निर्देशित गर्दछ । पाठ्यक्रम भित्र सामाजिक र राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, उद्देश्य पूरा गर्न पाठ्यांश, पाठ्यांश मिल्दो अध्यापन विधि, शैक्षिक क्रियाकलाप, शैक्षिक सामग्री तथा शिक्षण सिकाइका विधि समेत विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ । यसमा सर्वप्रथम सिकारू को हुन र कुन उमेर समुहका हुन भन्ने कुराको

पहिचान गरी उनीहरूका सिकाइ आवश्यकताहरूको निक्यौंल गरिन्छ । त्यसपछि सिकारूका सिकाइ पृष्ठभूमि, स्तर, उमेर, तह, समयावधि र सिकाइ प्रकृतिअनुसार अवश्यकता पूरा गर्ने गरी शिक्षण उद्देश्यहरूको किटान गरिन्छ । अनि उद्देश्यकेन्द्रित भएर शिक्षणीय विषयवस्तुहरूको किटान गरी तिनलाई सुनिश्चित शिक्षणक्रममा ढालेर प्रस्तुत गरिएको हुन्छ । यसका अतिरिक्त पाठ्यक्रममा के-कस्ता शिक्षण सामग्री तथा पूरक सामग्रीहरूको उपयोग गर्ने भन्ने कुराको समेत समुचित निर्देशन दिइएको हुन्छ र अन्त्यमा शिक्षण कार्यक्रम के कति मात्रामा उपलब्धिपूर्ण भयो, विद्यार्थीहरूमा के कस्ता व्यावहारिक परिवर्तन आउन सके वा सकेनन् भन्ने कुराको जानकारी लिन र लेखाजोखा गर्न तथा शिक्षणीय पुनर्वलन गर्नका लागि आवश्यक मूल्याङ्कन प्रक्रियाहरूको यथोचित निर्देशनको प्रबन्ध गरिएको हुन्छ । यसरी पाठ्यक्रमलाई विद्यालयीय शिक्षण सिकाइको एउटा महत्वपूर्ण र व्यवस्थित योजना वा कार्यक्रम तथा सुस्पष्ट निर्देशनको रूपमा चिनाउन सकिन्छ । व्यापक अर्थमा भन्नुपर्दा विषयवस्तु बाहेक शिक्षण सिकाइसँग सम्बन्धित अरू पक्षहरू जस्तै मानवीय सम्बन्ध, शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन कार्य, मनोवैज्ञानिक स्तर र बाल सिकाइका ढाँचाहरू समेतलाई स्थान दिइएको दस्तावेजलाई पाठ्यक्रम भनिन्छ ।

त्यसैगरी बालकका रूचि, क्षमता र योग्यतालाई उचित मार्ग निर्देशन गर्ने काम पनि पाठ्यक्रमकै हो । पाठ्यक्रमले उद्देश्य, सिकाइ उपलब्धि, विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कनजस्ता शिक्षण सिकाइका अभिन्न अङ्गहरूलाई समेटेको हुन्छ । यसरी पाठ्यक्रमले शैक्षिक अनुभव, शिक्षण-सिकाइ क्रियाकलाप, सिकाइ वातावरण र सिक्ने व्यक्तिलाई समेट्दछ । पाठ्यक्रमलाई सङ्कुचित अर्थमा नियाल्दा पाठ्यक्रमभित्र विषयवस्तुको सूची बाहेक अन्य कुनै पनि तŒवहरू पाउन सकिदैन । बालकको रूचि, आकांक्षा, स्तर आवश्यकता भन्ने कुरालाई यसको साँघुरो अर्थभित्र समेट्न सकिदैन । यसबाट पाठ्यक्रम पढ्ने र पढाउने विषयवस्तुको क्रम मात्र हो भन्न सकिन्छ । यसरी पाठ्यक्रमलाई विभिन्न अर्थमा फरक फरक किसिमले बुझ्ने गरेको पाइन्छ । पाठ्यक्रमलाई विभिन्न विद्वानहरूले विभिन्न किसिमले परिभाषित गरेका छन् । जसमध्ये केही परिभाषाहरू निम्नानुसार छन -

- "पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयसूची, प्रक्रिया, स्रोत, मूल्याङ्कनका साधन आदिको बोध हुन्छ । जसलाई विद्यालयभित्र र बाहिर, कक्षाकोठाको शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्न योजनावद्ध रूपले लागु गरिएको हुन्छ" ।

**- सी.भी.गुड**

- “शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्दछन्” ।

**- रा.शि.प.यो. २०२८**

- “शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भन्दछन् ”।

**- यूनेस्को**

- “विद्यालयभित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउन विद्यार्थीद्वारा गरिने सम्पूर्ण प्रयासहरूलाई पाठ्यक्रम भन्दछन्” ।

**- हिल्डा टाबा**

- “मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको उच्चतम विन्दु नै पाठ्यक्रम मान्नु पर्दछ” ।

**- फ्रोबेल**

- “एउटा स्टुडियो (विद्यालय) मा एउटा कलाकार (शिक्षक) ले तयार गर्नको लागि प्रयोग गरिने ज्यावल नै पाठ्यक्रम हो” ।

**- कनिङघम**

- “विद्यालयको भित्री अथवा, बाहिरी अवस्थामा अपेक्षित उपलब्धिहरू प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई नै पाठ्यक्रम भनिन्छ” ।

**- सेलर र अलेक्जेण्डर**

- “पाठ्यक्रमले निश्चित लक्ष्यलाई समेट्दछ । यो विभिन्न राष्ट्रिय उद्देश्यलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीहरूको अनुभवलाई आधार मानी तयार गरिएको हुन्छ । यसमा विद्यालयभित्र र बाहिरका सम्पूर्ण कार्यकलापहरू (शैक्षिक भ्रमण समेत) लाई लिएर तिनका अनुभवहरू संगाली निर्देशन तयार गरिएको हुन्छ” ।

**- इन्साइक्लोपेडिया अफ एजुकेशन**

उक्त विभिन्न परिभाषाहरूबाट पाठ्यक्रम के हो भन्ने बारेमा विभिन्न विद्वानहरूका बीचमा मतभेद रहेको पाइन्छ । पाठ्यक्रमका सम्बन्धमा मतभेद रहे तापनि वास्तवमा पाठ्यक्रम भनेको शैक्षणिक लक्ष्यसम्म पुग्न मद्दत पुऱ्याउने एउटा गोरेटो हो र त्यो गोरेटो सुस्पष्ट एवम् व्यवस्थित कार्यक्रमका रूपमा रहेको हुन्छ । विद्यार्थीहरूमा शिक्षाका अपेक्षित उद्देश्य हासिल गराउनका लागि समग्र सिकाइ अनुभवहरूको सङ्गालोको रूपमा यसलाई हेर्न सकिन्छ । शैक्षिक अनुभवहरूको एउटा प्रमुख अङ्गका रूपमा रहेको पाठ्यक्रम

पठनपाठन योग्य शैक्षिक सामग्रीहरू तथा क्रियाकलापहरूको सुव्यवस्थित रूप हो । अतः पाठ्यक्रमलाई शिक्षाको लक्ष्य प्राप्ति गर्नका लागि विद्यालयभित्र वा बाहिर गरिने अनुभवहरूको श्रृङ्खला हो भन्न सकिन्छ ।

*(वाग्ले र पौडेल २०६०:१-४)*

## २.२ पाठ्यक्रमका तत्त्वहरू

कुनै पनि पाठ्यक्रमको निर्माण गर्दा आवश्यक पर्ने विभिन्न पक्षहरूलाई नै पाठ्यक्रमका तत्त्व भनिन्छ । अर्थात् पाठ्यक्रम निर्माण गर्दा नभई नहुने कुराहरूलाई नै पाठ्यक्रमका तत्त्व मानिन्छ । पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रमभित्र के कस्ता पक्षहरू समावेश गर्दा उपयुक्त हुन्छ भन्ने कुरा थाहा पाउनु अति नै आवश्यक हुन्छ । जबसम्म एउटा पाठ्यक्रममा हुनु पर्ने प्रमुख तत्त्वहरूका बारेमा विश्लेषण गरिदैन तबसम्म पाठ्यक्रम निर्माता र प्रयोगकर्ताहरूलाई एक प्रकारको अन्योलको स्थिति सिर्जना हुन्छ । एउटा असल पाठ्यक्रमले के कस्ता पक्षहरूलाई समेटेको हुन्छ वा पाठ्यक्रमले के कस्ता तत्त्वहरूको प्रतिनिधित्व गरेको हुन्छ भन्ने कुरामा विभिन्नता देखिए तापनि सामान्यतया पाठ्यक्रमका तत्त्वअन्तर्गत निम्न कुराहरू पर्दछन् ।

१. उद्देश्य (साधारण र विशिष्ट)

२. पाठ्यवस्तु/विषयवस्तु

३. शिक्षण सिकाइ कार्यनीति/शिक्षण विधि

४. शिक्षण सामग्री

५. मूल्याङ्कन प्रक्रिया

### २.२.१ उद्देश्य

पाठ्यक्रमको पहिलो तथा महत्वपूर्ण तत्त्व उद्देश्य हो । के सिकाउने र किन सिकाउने भन्ने कुराको समष्टि रूपलाई नै उद्देश्य भनिन्छ । उद्देश्यलाई सिकाइ उपलब्धिका रूपमा पनि चिनिन्छ । उद्देश्यका केन्द्रीयतामा रहेर नै पढाइने विषयवस्तु तिनको शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रियाहरू निर्देशित हुने हुँदा यसलाई नै पाठ्यक्रमको शीर्ष भागका रूपमा पनि लिन सकिन्छ । उद्देश्य निर्माण गर्दा समाजको राजनीतिक, सामाजिक-साँस्कृतिक मूल्य मान्यता सामाजको स्वरूप, ज्ञानको प्रकृति, बालमनोविज्ञान आदि कुराहरू माथि विशेष ध्यान पुऱ्याई उद्देश्यलाई व्यावहारिक तथा विशिष्ट बनाउनु पर्दछ । यसका साथै विद्यार्थीको आवश्यकता, रूचि, स्तर, क्षमता, उमेर, कक्षा, तह, प्राप्त समयावधि

आदिलाई पनि उद्देश्य निर्धारणमा विशेष ध्यान दिइएको हुन्छ । उद्देश्यलाई साधारण र विशिष्ट (क्रमशः लामो समयमा पूरा हुने र छोटै समयमा पूरा हुने) गरी दुई भागमा वर्गीकरण गरिएको हुन्छ । साथै तहगत, कक्षागत र विषयगत रूपमा पनि प्रस्तुत गरिएको हुन्छ । पाठ्यक्रमको उद्देश्यमा स्पष्टता, सरलता, मापनीयता, दर्शनीयता तथा व्यावहारिकता जस्ता विशेषताहरू हुनु आवश्यक मानिन्छ ।

कुनै पनि कक्षा तह वा विषयको अध्ययन पश्चात विद्यार्थीहरूमा मोटामोटी रूपमा प्राप्त हुनु पर्ने जानकारीहरू साधारण उद्देश्य भित्र पर्दछन् । यसले विद्यार्थीको खास व्यवहारलाई सङ्केत नगरेर सरदर रूपमा ज्ञानको मात्रा निर्धारण गर्दछ । साधारण उद्देश्यले लामो समय र वृहत् विषयवस्तुको क्षेत्रको प्रतिनिधित्व गर्दछ । जस्तै कक्षा ७ मा सामाजिक शिक्षा विषयको पाठ्यक्रम निर्माण गर्दा यस्तो साधारण उद्देश्य निर्धारण गर्न सकिन्छ -

यो कक्षा उत्तीर्ण गरेपछि विद्यार्थीहरूले सामाजिक मूल्य र मान्यताप्रति आस्था देखाउन र सो अनुसार व्यवहार गर्न सक्नेछन् । प्रत्येक तह वा कक्षाको अध्यापन समाप्तिपछि विद्यार्थीहरूमा विकसित हुनुपर्ने खास खास व्यवहारहरू उल्लेख गरिएका उद्देश्यहरू विशिष्ट उद्देश्य हुन् । साधारण उद्देश्यले देखाएको मार्गमा जान विद्यार्थीहरूमा कुन-कुन व्यवहार कुन क्रममा विकास गर्दै अगाडि बढाउने भन्ने निर्णय नै विशिष्ट उद्देश्य मान्न सकिन्छ । विशिष्ट उद्देश्यको प्रमुख कार्य कुन-कुन पक्षलाई समेट्ने कुन कुरामा जोड दिने, कुन-कुन विषयवस्तु छनोट गर्ने, कुन सिकाइ उपलब्धिमा जोड दिने भन्ने जस्ता पाठ्यक्रमसम्बन्धी निर्णयमा निर्देशन प्रदान गर्नु हो ।

अतः पाठ्यक्रम निर्माणका लागि नभई नहुने वा पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा उद्देश्यलाई लिन सकिन्छ । उद्देश्य निर्धारण पछि मात्र पाठ्यक्रमका अन्य तत्त्वहरूले कार्य गर्दछन् । उद्देश्य निर्धारण गर्दा सरलता, स्पष्टता, मापनीयता, विशिष्टता, व्यावहारिकता जस्ता कुराहरूलाई ध्यान दिनु जरूरी मानिन्छ ।

*(बाग्ले र पौडेल, २०६०:९-१३)*

### २.२.२ विषयवस्तु/पाठ्यवस्तु

उद्देश्य पछिको दोस्रो तथा महत्वपूर्ण तत्त्व भनेको विषयवस्तु हो । यसको सुस्पष्ट छनोट र निर्देशन पाठ्यक्रमको दोस्रो अङ्गका रूपमा रहेको हुन्छ । कुन उद्देश्य पूर्तिका लागि के सिकाउने भन्ने कुराको सुनियोजित प्रस्तुति नै विषयवस्तु हो । यसका साथै कुनै क्रममा कति शिक्षण गर्ने भन्ने कुराको जानकारी पनि यसै अन्तर्गत पर्दछ । विषयवस्तु को निर्धारण,

सीमाङ्कन र स्तरण सँगसँगै रहने कुरा हुन् । यस स्तम्भमा यो-यो कुरा सिकाउने/पढाउने, यतिसम्म पढाउने र यो क्रममा पढाउने भन्ने कुराको पर्याप्त जानकारी दिइएको हुन्छ । उद्देश्यले दिएको निर्देशनमा रहेर विषयवस्तुको छनोट, स्तरण र सीमाङ्कन गरिन्छ । साथै विद्यार्थीको क्षमता, रूचि, आवश्यकता, स्तर तथा मनोवैज्ञानिक प्रवृतिहरू हेरेर विद्यार्थीकेन्द्रित भई विषयवस्तुको क्रमिकता मिलाइएको हुन्छ । यस स्तम्भलाई विषयवस्तुको क्षेत्र र क्रम पनि भन्न सकिन्छ ।

पाठ्यवस्तुको व्यवस्था नभएसम्म कुनै विषयमा के र कति पढाउने भन्ने कुराको टुङ्गो नलाग्ने भएकाले विद्यालयको शिक्षण सिकाइ अस्तव्यस्त हुन सक्दछ । साथै विद्यालयहरूमा दिइने पाठ्यवस्तुका बीचमा एकरूपता भएन भने पाठ्यक्रमले तोकेको उद्देश्य वा सिकाइ उपलब्धि अनुरूपका व्यवहार परिवर्तन गर्न र राष्ट्रले चाहेको जनशक्ति उत्पादनमा समेत बाधा पर्न सक्छ । यसकारण विषयवस्तुलाई पाठ्यक्रमका उद्देश्यहरू विद्यार्थीमा हस्तान्तरित गरी उनीहरूको व्यवहारमा परिवर्तन ल्याउने एउटा प्रमुख माध्यमको रूपमा हेरिन्छ ।

पाठ्यक्रममा विषयवस्तु छनोटका लागि मुख्य गरी निम्नानुसारका आधारहरू अवलम्बन गर्नुपर्ने हुन्छ -

- विषयवस्तु महत्वपूर्ण हुनुपर्दछ,
- विषयवस्तु वैध हुनुपर्दछ,
- विषयवस्तु सान्दर्भिक हुनुपर्दछ,
- विषयवस्तु उपयोगी हुनुपर्दछ,
- विद्यार्थीको लागि रूचिकर र क्षमतामा आधारित हुनुपर्दछ ।

*(पूर्ववत्, २०६०:१३-१७)*

### २.२.३ शिक्षण सिकाइ कार्यनीति/शिक्षण विधि

शिक्षण प्रक्रिया (विधि) वा कार्यनीति पाठ्यक्रम विकास वा निर्माणको लागि आवश्यक पर्ने तेस्रो महत्वपूर्ण तत्त्व हो । उद्देश्य प्राप्तिका लागि तोकिएका पाठ्यवस्तुहरूको छनोट भइसकेपछि ती पाठ्यबस्तुहरूलाई विद्यार्थीसम्म पुऱ्याउने कार्यलाई शिक्षण विधि वा शिक्षण सिकाइ कार्यनीति भनिन्छ । अतः के कस्ता विषयवस्तुलाई कसरी शिक्षण गरेमा सिकाइ रूचिपूर्ण हुन्छ, प्रभावकारी हुन्छ र अपेक्षित उद्देश्य बाञ्छित मात्रामा पूरा हुन्छन् भन्ने शिक्षण विधि र प्रविधिहरूको प्रयोग गर्ने, शिक्षकले के कस्ता कार्यकलाप गर्ने,

विद्यार्थीले के कस्ता कार्यकलापमा भाग लिने तथा अन्यान्य विविध शिक्षण गतिविधिसँग सम्बन्धित कुराहरू यस स्तम्भमा सविस्तृत  ढङ्गले प्रस्तुत गरिएका हुन्छन् । विषय, कक्षा, तह, उमेर आदिको आधारमा शिक्षण विधि छनोट गर्नुपर्दछ । विद्यार्थीको परिपक्वता, उमेर, अनुभव, क्षमता, स्तर, आवश्यकता, स्वास्थ्य, आदि तत्त्वले पनि शिक्षण विधि वा प्रक्रियामा प्रभाव पारेका हुन्छन् । यिनै कुरालाई ध्यानमा राखी कुन विषयवस्तु शिक्षणमा के कस्ता विधिहरू छनोट गर्नु उपयुक्त हुन्छ भन्ने कुराको सिफारिस पाठ्यक्रमले गर्नुपर्दछ ।

विषयवस्तुको प्रकृतिको आधारमा शिक्षण विधि तयार परिने हुँदा एउटे कक्षा वा एउटै विषयमा पनि विविध विधि तथा प्रक्रियाहरू अवलम्बन गर्नु पर्ने हुन्छ । त्यसैले पाठ्यक्रमले छनोट गरेका सिकाइ अनुभवहरूलाई विद्यार्थीको विकासका लागि प्रस्तुत गर्ने आफ्नै ढङ्ग वा शैली हुन्छ । शिक्षण विधिको छनोट शिक्षकका सुविधाको लागि होइन, विद्यार्थीको सिकाइको लागि हो भन्ने कुरा विचार प्रयोग गर्न सकिन्छ । विद्यार्थीको उमेर, परिपक्वता, पूर्व अनुभव, पाठप्रतिको आकर्षण आदि कुराहरूलाई दृष्टिगत गरी विषयवस्तुको शिक्षण गर्नु उपयुक्त हुन्छ ।

### २.२.४ शिक्षण सामग्री

यसलाई शिक्षण प्रक्रियाकै पूरक अङ्गका रूपमा पनि लिन सकिन्छ किनभने शिक्षण सामग्री भनेको शिक्षण शिक्षण प्रक्रियासंगै अन्वित भएर उपयोगमा आउने कुरा हो । अतः यस स्तम्भमा के कस्ता विषयवस्तु र तिनका के कस्ता शिक्षण विधिहरूमा के कस्ता शिक्षण सामग्रीहरूको उपयोग वा प्रयोग गर्न सकिन्छ सो बारे पर्याप्त सूचना दिइएको हुन्छ । श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्री, प्रयोगात्मक सामग्री र पूरक सामग्रीहरूको पर्याप्त सूचना दिएर यस स्तम्भले बाञ्छित उपलब्धि हासिल गर्न प्रभावकारी स्रोतको काम गरेको हुन्छ भन्न सकिन्छ । त्यसैगरी वैज्ञानिक विकासका साथै शिक्षण सिकाइका लागि विभिन्न सामग्रीहरूको पनि अपरिहार्यता बढ्दै गएको छ । र तिनलाई सम्वद्ध पाठ्यक्रममा उपयुक्त स्थान दिइएको हुन्छ । यसका साथै अन्य पूरक सामाग्री, स्रोत सामग्री आदि पनि पाठ्यक्रममा बेग्लाबेग्लै उपयोग र उपादेयता लिएर प्रस्तुत गरिएका हुन्छन् ।

### २.२.५ मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रम निर्माण तथा विकासको अन्तिम र महत्वपूर्ण अङ्ग मूल्याङ्कन हो । यसले सिकाइ उपलब्धिको के कसरी लेखाजोखा गर्ने भन्ने कुराको सूचना दिन्छ । सामान्यतः मूल्याङ्कन भन्नाले विद्यार्थीले पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू हासिल गर्न सके वा

सकेनन् भनेर निर्धारण गर्नु नै हो । मूल्याङ्कन एउटा योजनाबद्ध कार्यक्रम भएकाले निरन्तर मूल्याङ्कन अनुगमन विना यसको वाञ्छित सफलताको कल्पना पनि गर्न सकिदैन । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो र यसकै निरन्तरताले विषयवस्तु र तिनका शिक्षण प्रक्रिया कतिको प्रभावकारी भए, अपेक्षित उपलब्धिहरू हासिल हुन सके, सकेनन् । आदि कुराहरूको हेक्का प्राप्त भइरहेको हुन्छ र त्यसमा आवश्यक सुधार र परिमार्जनको अपेक्षित अवधारणा र व्यवहार विकासमा पनि मद्दत पुर्‍याउँछ । यसका साथै पाठ्य विषयवस्तु, पठनपाठन गतिविधि, सामग्रीगत प्रभावकारीता तथा उद्देश्यगत व्यावहारिकता र स्तरयुक्तता समेतको लेखाजोखा गरेर शिक्षण सिकाइ गतिविधिलाई र अझ पाठ्यक्रमलाई नै पनि सुधार, संशोधन र परिमार्जन गर्न सहयोग पुर्‍याउँछ । अतः पाठ्यक्रमको अन्तिम तर महत्वपूर्ण स्तम्भका रूपमा मूल्याङ्कन प्रक्रिया रहेको हुन्छ । विषयगत हिसाबले के कस्ता सङ्कलनात्मक अथवा समसामयिक मूल्याङ्कन परीक्षण र अनुगमनका कार्यहरू गर्नु उपयुक्त हुन्छ भन्ने कुराको सुस्पष्ट सूचना पाठ्यक्रममा दिइएको हुन्छ ।

मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक अवधारणा हो । जुन मापन भन्दा बढी व्यापक हुन्छ । यसले गुणात्मक र सङ्ख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा गर्दछ । सामान्यतः शैक्षिक मूल्याङ्कन गर्नुको औचित्य शिक्षण सिकाइमा सुधार गर्नु नै हो । यसका साथै परीक्षा प्रणालीमा सुधार गर्न, प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्न, स्तर निर्धारण गर्न, कक्षा उकास्न, विद्यार्थीको प्रगति विवरण बारे जानकारी लिन, विभिन्न अध्ययन र अनुसन्धान कार्यमा सहयोग पुर्‍याउन समेत मूल्याङ्कन गरिन्छ । प्रत्येक विषयको पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर र औपचारिक गरी दुई किसिमले उल्लेख गरिएको हुन्छ । निरन्तर मूल्याङ्कनले विद्यार्थीको सिकाइ प्रगति बारे जानकारी गराउँछ भने औपचारिक मूल्याङ्कनले कक्षा चढाउने कार्य गर्दछ । पाठ्यक्रमका तत्त्वहरूको अन्तरसम्बन्धलाई निम्नलिखित तालिकाबाट अझ स्पष्ट पार्न सकिन्छ

*(पूर्ववत् , २०६०:१९-२१)*

## २.३ पाठ्यक्रम उद्देश्यका स्रोतहरू

कुनै पनि शैक्षिक कार्यक्रमहरू सफल हुने वा नहुने भन्ने कुरा त्यस कार्यक्रमले राखेका उद्देश्यमा भर पर्दछ । जबसम्म उद्देश्य स्पष्ट हुँदैनन् तबसम्म कार्यक्रमका कुनै पनि पक्षहरू सवल रूपमा अगाडि बढ्न सक्दैनन् । उद्देश्यले नै कार्यक्रमलाई निर्दिष्ट गर्दछ र कार्यक्रमको प्रभावकारिताले उद्देश्यको मापन गर्दछ । पाठ्यक्रम निर्माणमा उद्देश्य नै प्रमुख अङ्ग भएकाले यसको छनोट बिना पाठ्यक्रम तयार पार्न सकिदैन । उद्देश्यका स्रोतहरू के के हुन सक्दछन भन्ने सन्दर्भमा पनि विभिन्न शिक्षाशास्त्री, मनोवैज्ञानिक, दार्शनिकहरूको एक आपसमा मतभिन्नता रहेको पाइन्छ । यसरी भिन्न रूपले व्याख्या गरे पनि उद्देश्यको औचित्यमा भने कुनै विवाद रहेको छैन् । सबैका मतहरूमा एकरूपता आउन नसके पनि विभिन्न विचारधारालाई समेटेर पाठ्यक्रममा समावेश हुने उद्देश्यका स्रोतहरू निर्क्यौल गर्नु आवश्यक हुन्छ । समग्र रूपमा पाठ्यक्रमका उद्देश्यका स्रोतहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

१. सिक्ने व्यक्ति/सिकारू

२. समाज

३. विषय विज्ञ

४. दार्शनिक र समाजशास्त्रीय आधार

### २.३.१ सिकारू

शिक्षा सिकारू वा विद्यार्थीलाई दिइने भएकाले विद्यार्थीमा व्यावहारिक परिवर्तन ल्याउन विद्यार्थीको आवश्यकता, रूचि, विद्यार्थीलाई दिइने सूचना, बालकले हासिल गर्ने उपलब्धि, र बालकले गर्ने क्रियाकलाप आदि कुराहरू माथि ध्यान पुऱ्याउनु पर्दछ । पाठ्यक्रम बालकको इच्छामुताविक, बालकेन्द्रित, समाजकेन्द्रित र व्यहारकेन्द्रित हुनुपर्दछ । पाठ्यक्रम निर्माण गर्दा बालकका आवश्यकता, सामाजिक परिस्थिति, रहनसहनको प्रक्रिया, स्वास्थ्य र खानपानमा पनि जानकारी प्राप्त गर्नुपर्दछ । बालकका भौतिक, सामाजिक र एकीकृत आवश्यकताहरूको पूर्तिका लागि पाठ्यक्रम तयार पारिने हुँदा पाठ्यक्रमको उद्देश्यको प्रमुख स्रोतको रूपमा सिकारूलाई लिइन्छ । यसरी बालक, विद्यार्थी, कुनै पनि सिक्ने व्यक्ति वा सिकारू नै पाठ्यक्रमका उद्देश्यको स्रोत भएकाले उनीहरूको अध्ययन विना पाठ्यक्रम निर्माण गर्न सकिदैन बालकका रूचि र आवश्यकताहरूको अध्ययन गर्न उनीहरूसँगै अन्तर्वार्ता लिने, उनीहरूका आमाबुवासँग अन्तर्वार्ता लिने वा ठूला विद्यार्थीहरू

भएमा प्रश्नावलीको प्रयोग गर्न वा सामान्य परीक्षा सञ्चालन गर्न पनि सकिन्छ । यसबाट बालरूचिको अध्ययनबाट मात्र पाठ्यक्रममा उपयुक्त उद्देश्य छनोटमा मद्दत पुग्दछ भन्ने कुरा स्पष्ट हुन आउँछ ।

*(वाग्ले र पौडेल, २०६०:२३-२४)*

## २.३.२ समाज

पाठ्यक्रम समाजमा लागु हुन्छ र यसभित्र लक्ष्यित समाजका संस्कृति र मूल्य-मान्यता समेटिने भएकाले समाजलाई पाठ्यक्रमका उद्देश्यको अर्को प्रभावकारी स्रोत मानिन्छ । पाठ्यक्रममा समाजका स्वरूप, संस्कृति, चाहना र आवश्यकताको सन्तुलित समन्वय हुनुपर्ने भएकाले समाज पाठ्यक्रम उद्देश्यको महत्वपूर्ण स्रोत मानिएको हो, दार्शनिक, सामाजिक र सैद्धान्तिक दृष्टिले समाज परिवर्तनशील र शिक्षा गतिशील मानिने भएकाले प्रभावकारी पाठ्यक्रम निर्माणमा समाज निरपेक्ष रहन सक्दैन् । पाठ्यक्रम निर्माण र कार्यान्वयन पनि सामाजिक परिवेशमै हुने हुँदा समकालीन समाज पाठ्यक्रम उद्देश्यको अपेक्षित स्रोत मानिन्छ ।

जुन समाजमा बालक हुर्किएको हुन्छ त्यही समाजमा उसलाई योग्य बनाउनु नै शिक्षाको उद्देश्य हुन्छ । सबै समाजका लागि एउटै शिक्षा प्रणाली उपयुक्त हुन नसक्ने हुँदा समाजको परिवेश, चालचलन, संस्कृति र व्यावहारिक ढाँचाहरू अनुसार घुलमिल हुन सक्ने व्यक्ति नै समाजको स्वीकृत सदस्य बन्दछ । यसरी हेर्दा पाठ्यक्रमले केवल विद्यालयभित्र अध्यापन गरिने विषयवस्तु र शैक्षिक प्रक्रियालाई ध्यानमा राखेर सैद्धान्तिक ज्ञानको मात्र कल्पना गर्न सक्दैन । बरू बालक हुर्केको समाज, समाजको आवश्यकता र त्यस समाजको विकासको लागि आवश्यक सीप र दक्षता जस्ता कुराहरूमा विचार पुऱ्याई  एउटा सक्षम नागरिक उत्पादन गर्न पाठ्यक्रमले जोड दिएको हुनुपर्दछ । त्यसैले समाजलाई पाठ्यक्रमका उद्देश्यको एउटा प्रमुख स्रोत मानिएको छ ।

*(वाग्ले र पौडेल २०५५:२५-२६)*

## २.३.३ विषय विशेषज्ञ

पाठ्यक्रम निर्माण देखि पाठ्यपुस्तकको विकास गर्ने कामसम्म त्यसको सफल प्रयोगको लागि विभिन्न क्रियाकलापहरूको आयोजना गर्ने कार्यमा समेत प्रत्यक्ष संलग्नता हुने व्यक्तिहरूलाई विषय विशेषज्ञ मानिन्छ । पाठ्यक्रम समितिमा बस्ने विषय विशेषज्ञहरूले आ-आफ्नो विशिष्टीकरणको आधारमा विषयको उपादेयतालाई ध्यानमा राखी विषय

अनुसारको महत्व प्रदान गर्दै आएको पाइन्छ । पाठ्यक्रममा समावेश हुनु पर्ने विषयहरू के के हुन भन्ने कुरा पाठ्यक्रमका उद्देश्यले निर्धारण गर्ने भएकोले पाठ्यक्रमका उद्देश्य निर्माणमा आ-आफ्नो विषय प्रतिनिधित्व गर्ने कार्य विषय विशेषज्ञको नै हो । सामाजिक परिप्रेक्ष्यमा प्रत्येक व्यक्तिलाई के कस्तो ज्ञान,सीप र धारणा प्रदान गर्नु पर्ने आवश्यक छ भन्ने कुराको टुङ्गो लगाउन गरिने अध्ययन अनुसन्धान पनि विषय विशेषज्ञहरूबाट हुने भएकाले पाठ्यक्रमका उद्देश्य निर्माणको स्रोतको रूपमा उनीहरूलाई लिन सकिन्छ ।

विद्यालयस्तरमा निर्माण गरिने पाठ्यक्रम होस् या केन्द्रीयस्तरमा निर्माण गरिने पाठ्यक्रम होस् दुवैमा विषय-विशेषज्ञहरूको विचारको प्रत्यक्ष प्रभाव परेको हुन्छ । आवश्यक अध्ययन र अनुसन्धानपश्चात प्राप्त तथ्यहरूलाई विश्लेषण गर्ने र त्यसमा आफ्नो रायसमेत राखी सुझाव पेश गर्ने प्रमुख व्यक्तित्व नै विषय विशेषज्ञ हुने भएकाले उनीहरू बिना पाठ्यक्रमका उद्देश्य निर्माण गर्न नसकिने हुन्छ । यसरी प्रत्येक विषयको समष्टिगत स्वरूप निर्धारण गरी व्यक्ति र समाजमा एकीकृत रूपमा सामान्य शिक्षाको अवधारणालाई साकार रूप दिन विषय विशेषज्ञहरूको अपरिहार्य भूमिकालाई ध्यानमा राखी विषय विशेषज्ञहरू पाठ्यक्रमका उद्देश्यका स्रोत भएका हुन् । यसका साथै ज्ञान, सीप र व्यवहारमा निपूण योग्य र सामाजिक परिस्थितिमा समायोजन गर्न सक्ने नैतिकवान व्यक्तित्व निर्माण गर्ने प्रभावकारी पाठ्यक्रम निर्माणका लागि विषय विशेषज्ञको आवश्यकता पर्ने भएकाले पनि यसलाई पाठ्यक्रमका उद्देश्यको महत्वपूर्ण स्रोत मानिएको हो ।

*(वाग्ले र पौडेल, २०६०: २७-२८)*

### २.३.४ दार्शनिक र समाजशास्त्रीय आधार

दर्शन वास्तविक सत्य र सामाजिक चेतनाको विशिष्ट रूप हो । विश्व व्यापकता र चेतना दर्शनका आधार हुन् । मानिस, आत्मा, ब्राह्माण्ड, ईश्वर, वास्तविकता, सत्य आदि विभिन्न विषयमा निकालिएका तथ्यपूर्ण आधारहरू दर्शन हुन् । दार्शनिक ज्ञानको मुख्य आधार सामान्यीकरण भएकाले सामान्यीकरण, विश्वव्यापकता र चेतनाका लागि पाठ्यक्रमले दार्शनिक पक्षको आाधार लिएको हुन्छ । साश्वत सत्य, व्यवस्थित विचार, तार्किक चिन्तन, वैज्ञानिक चिन्तन र सत्यको विश्लेषण जस्ता पाठ्यक्रमका आधार निर्धारणमा दर्शनशास्त्रीय मान्यता प्रमुख हुने भएकाले दर्शनलाई पाठ्यक्रम उद्देश्यको महत्वपूर्ण स्रोत मानिन्छ ।

सामाजिक प्राणी मानिसलाई शिक्षाले महत्वपूर्ण भूमिका निर्वाहका लागि योग्य बनाउँछ । मानवीय आवश्यकताले मानव विकासक्रम फराकिलो बन्दै जाने र शिक्षा समाजकै लागि हुने भएकाले पाठ्यक्रमले मानव विकासमा मार्गनिर्देशन गर्दछ । सामाजिकीकरण र सामाजिक अन्तरक्रिया पाठ्यक्रमका अपेक्षित पक्ष हुन जुन समाजबाटै प्राप्त हुन्छन् ।

विश्वमा शिक्षाको क्षेत्रमा विकास भएका विभिन्न दर्शनहरू छन् ती दर्शनहरूले शिक्षाका बेग्लाबेग्लै उद्देश्यहरू निर्धारण गरेका छन् । त्यसैले कुन समाजले कुन दर्शन लिएर अगाडि बढेको छ । त्यो समाजको पाठ्यक्रमका उद्देश्य त्यसै अनुसार छनोट भएका हुन्छन् । समाजमा मानिसले मान्ने रीतिरिवाज संस्कृति परम्परा आदि, दर्शनले निर्धारण गरेको हुन्छ र तिनै मूल्य-मान्यताका आधारमा समाज चलेको हुन्छ । दर्शनले निर्धारण गरेको मूल्य-मान्यता र सामाजिक आवश्यकता पूरा गर्न गराउन पाठ्यक्रममा विभिन्न कार्यक्रमको योजना बनाइएको हुन्छ । यसर्थ पाठ्यक्रम निर्माणका दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारले महत्वपूर्ण स्थान ओगट्ने भएकाले यिनलाई पाठ्यक्रम उद्देश्यका महत्वपूर्ण स्रोत मानिन्छ ।

*(शर्मा, २०५८:२५-२६)*

## २.४ पाठ्यक्रम विकासका सिद्धान्त

परिवर्तित सामाजिक आवश्यकता, जनचेतना र वैज्ञानिक प्रविधिमा हुने विकास सँगसँगै पाठ्यक्रममा पनि विकसित रूप आउनु स्वाभाविक हुन्छ । यसै अनुसार हिल्डा टावाद्वारा प्रस्तुत पाठ्यक्रम विकासको सिद्धान्तलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.४.१ आवश्यकताहरुको निदान तथा विश्लेषण

एउटा असल पाठ्यक्रमले सामाजिक आवश्यकताको निरूपण गर्न सक्नु पर्दछ । सामाजिक चाहना र भावना विपरीत पाठ्यक्रम विकास भएका राष्ट्रले शिक्षा क्षेत्रबाट आवश्यक शैक्षिक ऊर्जा प्राप्त गर्न सक्दैन । त्यसैले पाठ्यक्रम समयको माग चाहना र आवश्यकताअनुसार विकसित हुनु आवश्यक हुन्छ । पाठ्यक्रम त्यस बेला मात्र सवल देखिन्छ जब यसको विकासक्रममा निर्माणकर्ताले विद्यार्थीको शारीरिक, बौद्धिक र सामाजिक विकास, संवेगात्मक विकास, संस्कृतिको हस्तान्तरण, वैयक्तिक विकास आदिको यसमा पर्ने प्रभावलाई गहन रूपमा बुझेको हुनुपर्दछ । पाठ्यक्रम प्रत्यक्ष रूपमा सामाजिक तथा

वैयक्तिक व्यवहार र पक्षसँग सम्बन्धित हुनाले यसबाट अलग राखेर पाठ्यक्रमलाई हेरिनु ठीक हुँदैन ।

पाठ्यक्रम विकास गर्दा सिकाईका प्रक्रिया ज्ञानका क्षेत्र, विधान, ऐन, कानुन, नियम, विनियम आदिलाई पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । शिक्षा क्षेत्र पनि सुविधा र स्रोतहरूको प्रभावबाट अछुतो रहन सक्दैन । त्यसैले पाठ्यक्रम विकासमा माथिका यी सम्पूर्ण अवस्थाहरूमा दृष्टि पुऱ्याउनु नितान्त आवश्यक हुन्छ ।

## २.४.२ उद्देश्यहरूको निर्धारण

पाठ्यक्रममा नभई नहुने सबैभन्दा महत्वपूर्ण र पहिलो तत्त्व उद्देश्य हो । यसैका आधारमा पाठ्यक्रमका सम्पूर्ण क्रियाकलापहरू सञ्चालन गरिएका हुन्छन् । हरेक क्रियाकलाप वा कार्यक्रमका आ-आफ्नै उद्देश्यहरू हुन्छन् । तिनै उद्देश्यहरू पूरा गर्ने ध्येयले नै विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएका हुन्छन् । पाठ्यक्रम एउटा शैक्षिक कार्यक्रमको दस्तावेज भएकाले प्रत्येक कक्षा वा तहमा के कति उपलब्धि हासिल गर्ने हो भन्ने निर्णय गरेर मात्र त्यसका लागि विषयवस्तु, शिक्षण विधि र शैक्षिक मूल्याङ्कनका प्रक्रियाहरू निर्धारण गरिन्छ । प्रत्येक कक्षाको पाठ्यक्रमले विद्यार्थीमा केही न केही परिवर्तन ल्याउने प्रयास गरेको हुनु पर्दछ।

हिल्डा टावा शिक्षाको कार्य कुनै पनि तरिकाले व्यक्तिमा परिवर्तन ल्याउनु हो भन्दछन् । व्यक्तिमा परिवर्तन ल्याउने सम्बन्धमा उनी भन्दछन् - "उसलाई आवश्यक ज्ञान प्रदान गर्ने, उसले नजानेको सीपमा सक्षम बनाउने, निश्चित बुझाई, अन्तरदृष्टि र गुणग्रहणको विकास गराउने हुनु पर्दछ " अतः यी अपेक्षित उपलब्धिहरूको कथनलाई नै शैक्षिक उद्देश्य भनिन्छ ।

पाठ्यक्रम निर्माण गर्नुभन्दा पहिले पाठ्यक्रम कसका लागि र के कामका लागि हो भन्ने कुरामा ध्यान राख्नु पर्दछ । समाजका आवश्यकताहरू, विद्यार्थीका चाहना र रूचिहरूलाई विश्लेषण गरेर मात्र पाठ्यक्रमको उद्देश्य निर्धारण गर्न सकिन्छ । पाठ्यक्रममा समावेश गरिने उद्देश्यहरू साधारण र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । अतः पाठ्यक्रम निर्माण गर्दा सबैभन्दा पहिले निर्धारण गरिने सामाजिक, वैयक्तिक चाहना र माग अनुसारका अपेक्षित उपलब्धिलाई पाठ्यक्रमको उद्देश्य मानिन्छ । पाठ्यक्रमको उद्देश्यलाई यसको मुटु नै मानिएको छ । यसको अभावमा पाठ्यक्रमका अन्य प्रक्रियाहरू अगाडि बढ्न सक्दैनन् ।

### २.४.३ विषयवस्तुको छनौट

विषयवस्तुलाई पाठ्यक्रमका उद्देश्यहरू विद्यार्थीमा हस्तान्तरित गरी उनीहरूको व्यवहारमा परिवर्तन ल्याउने एउटा प्रमुख माध्यमको रूपमा हेरिन्छ । विषयवस्तुको व्यवस्था नभएसम्म कुनै पनि विषयमा के कति पढाउने भन्ने कुराको निर्णय गर्न सकिदैन । त्यसैले पाठ्यक्रममा निर्धारित उद्देश्य पूरा गर्ने किसिमको विषयवस्तु तयार गरिनु पर्दछ । विषयवस्तुबाट प्राप्त हुने सिकाइ उपलब्धि र पाठ्यक्रम निर्धारित उद्देश्यमा सहसम्बन्ध कायम हुन सकेन भने राष्ट्रले चाहेको जनशक्ति उत्पादन कार्यमा बाधा उत्पन्न हुन पुग्दछ । तसर्थ विषयवस्तु छनोट गर्दा पाठ्यक्रम पूर्वनिर्धारित उद्देश्य पूरा गर्ने गरी गरिनु पर्दछ र उद्देश्य बाहिरको विषयवस्तुको कुनै पनि अर्थ रहदैन । विषयवस्तु छनोट गर्दा विद्यार्थीले अध्ययन गर्ने कक्षा तह र विषयलाई बिचार गर्नुपर्दछ । यसै अनुसार शब्द चयन भाषागत कठिनाईस्तर, विषयवस्तुको क्षेत्र आदिलाई पनि बिर्सनु हुदैन ।

### २.४.४ विषयवस्तुको संगठन

पाठ्यक्रममा ज्ञान, सीप र अभिवृद्धिसँगै सम्बन्धित एकाइहरूलाई मनोवैज्ञानिक शैक्षिक दृष्टिबाट क्रमबद्ध रूपमा राख्ने कार्यलाई विषयवस्तुको संगठन भनिन्छ । यस सिद्धान्त अनुसार छनोट भएका विषयवस्तुलाई स्तरअनुरूप समन्वयात्मक रूपले संगठन गरिएको हुन्छ । यसमा विद्यार्थीहरूले औपचारिक, आकस्मिक, नियमित, विद्यालयभित्र वा बाहिर जुनसुकै वातावरणमा सिक्न सक्ने कुराहरूलाई संगठित गरेको हुन्छ । शिक्षण प्रक्रियासँग विषयवस्तुको संगठनको निकटतम सम्बन्ध रहन्छ । विषयवस्तुको संगठनमा मूर्तबाट अमूर्त ज्ञातबाट अज्ञात, स्थूलबाट सुक्ष्म र सरलबाट जटिलतिर लैजाने अनुक्रमलाई महत्व दिइन्छ ।

### २.४.५ सिकाइ अनुभवहरूको छनोट

सामान्य रूपमा उल्लेख गर्दा विद्यार्थीहरूले आफ्नै प्रयासद्वारा जे कुराहरूको अनुभव गर्दछन् तिनीहरूलाई नै सिकाई अनुभव भन्दछन् । यसलाई सिकारू र सिकाइको वातावरणको अन्तरक्रिया पनि भनिन्छ । जहाँ सिकारूको दायित्व नै सिकाइ अनुभव हो । विषयवस्तु र सिकाइ अनुभवहरू आपसमा सम्बन्धित छन् र सँगसँगै आउने गर्दछन् । सिकाइ अनुभवहरूले सिकारूको सोच्ने क्षमताको विकास गर्न सूचनाहरू प्राप्त गर्न, रूचिवृद्धि गर्न सामाजिक धारणाको विकास गर्न मद्दत पुऱ्याउँछ ।

### २.४.६ सिकाइ अनुभवहरूको संगठन

सिकाइ अनुभवहरूको संगठन गर्दा मुख्यतया विषयवस्तुको संगठन गर्दा अपनाइने आधारलाई नै आत्मसात गर्नुपर्दछ । खासगरी विषयवस्तको संगठन र सिकाइ अनुभवहरूको संगठनमा भिन्नता देखाउन कठिन पर्दछ । सिकाइ अनुभवहरूको संगठन गर्दा निरन्तरता, क्रम र समन्वयको आधारमा गर्नुपर्दछ । शैक्षणिक अनुभवहरूलाई बढी उपयोगी एवम् सिर्जनशील बनाउनका लागि सिकाइ अनुभवहरूको आवश्यकता भएको हो । बालबालिकाका अनुभवहरूलाई संगठित गर्न र सोही बमोजिम सिकाउनु भाषा पाठ्यक्रमको विशेष कार्य हो । सिकाइ अनुभवहरूलाई लम्बीय र समतलीय गरेर २ किसिमले संगठित गर्न सकिन्छ ।

### २.४.७ मूल्याङ्कन

हिल्डा टावाले पाठ्यक्रम विकासका सिद्धान्तको अन्तिम चरणमा मूल्याङ्कनलाई राखेका छन् । यो अति महत्वपूर्ण चरण हो किनकी मूल्याङ्कनको सिकाइ उपलब्धिसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । पाठ्यक्रम मूल्याङ्कनले पाठ्यक्रम विकास गर्ने क्रममा निर्दिष्ट गरिएका उद्देश्य पूरा भए वा भएनन् मूल्यांकन गरी सकारात्मक परिणाम देखिएमा अझ सफलतान्मुख हुन प्रेरित गर्दछ भने नकारात्मक परिणाम देखिएमा पाठ्यक्रम विकासको कुन चरणमा के कमजोरी रह्यो सो को पुनरावलोकन गर्न सहयोग पुऱ्याउँछ । त्यसैले पाठ्यक्रम विकास गरेपछि यसको औचित्यताको लेखाजोखा गर्ने हुनाले मूल्याङ्कनको पाठ्यक्रम विकासमा महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

उपर्युक्त सिद्धान्तहरूका आधारमा पनि पाठ्यक्रमलाई अध्ययन गर्न सकिने हुँदा यिनलाई पाठ्यक्रमका महत्वपूर्ण तत्त्वहरू मानिन्छ ।

## २.५ भाषा र भाषापाठ्यक्रमको परिचय

### २.५.१ भाषाको परिचय

भाषा मानवीय वस्तु भएकाले यो मानव मात्रसँग सम्बन्धित हुन्छ । मानिसले भाषा समाजबाट प्राप्त गर्दछ । भाषाकै माध्यमबाट मानिसले समाजमा आफ्ना बिचार र भावनाहरू आदान-प्रदान गर्दछ । मानिसले छर-छिमेकको प्रभावबाट र औपचारिक शिक्षाको माध्यमबाट भाषा सिक्न सक्छ । भाषाकै माध्यमबाट मानिसले सामाजिक सम्पर्क विस्तार गर्ने हुँदा भाषा मान्छेको सामाजिक व्यवहारको अभिन्न अङ्ग भएर रहन्छ । मानिस जन्मदा देखि नै  भाषाले घेरिएको हुन्छ किनभने घरपरिवारमा एक-अर्काका व्यवहारहरू कुनै न कुनै भाषाको प्रयोगबाट नै सञ्चालित भइरहेका हुन्छन् । सामाजिक वातावरणबाट विभिन्न

भाषिक गतिविधिहरू सुन्दै जाँदा मानिसको बोल्ने र बुझ्ने क्षमता क्रमशः विकास हुदै जान्छ ।

'भाषा' शब्दको व्युत्पत्तिगत अर्थलाई हेर्दा 'भाष्' धातुमा 'अङ्+टाप' प्रत्यय जोडेर भएको भन्ने बुझिन्छ । यस व्युत्पत्ति अनुसार भाषा शब्दको अर्थ 'स्पष्ट वा व्यक्तवाणी' भन्ने हुन्छ । स्पष्ट वाणीको तात्पर्य उच्चारण अवयवद्वारा उत्पत्ति हुनाका साथै सार्थक पनि हुनु हो ।

भाषालाई विभिन्न विद्वानहरूले यसरी परिभाषित गरेका छन् -

१. "उच्चारणद्वारा व्यक्त वाणीलाई भाषा भनिन्छ" । (पाणिनि)
२. "ध्वनि अवयवद्वारा उच्चरित मानवीय अभिव्यक्तिलाई भाषा भनिन्छ" । (पतञ्जलि)
३. "अर्थपूर्ण उच्चारण भएको नियमद्वारा शासित व्यवस्थालाई भाषा भनिन्छ" । (नोम चम्स्की)

*(शर्मा र लुइटेल, २०५५:२३३)*

## २.५.२ भाषापाठ्यक्रमको परिचय

भाषा पाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । यसको अभावमा शिक्षण विशृङखलित र अव्यवस्थित बन्न जान्छ । शिक्षा क्षेत्रमा विभिन्न भूमिकामा संलग्न कतिपय व्यक्तिहरू अझै पनि पाठ्यक्रम, पाठ्यांश र पाठ्यपुस्तकलाई एउटै कुरा ठान्छन् फलस्वरूप विद्यालय समेत पाठ्यपुस्तकलाई प्रमुख कुरा मान्ने पुरानो दृष्टिकोण हट्न सकेको छैन् । वास्तवमा पाठ्यक्रम समग्र शैक्षणिक गतिविधिको मार्ग निर्देशक हो । अरू पाठ्यक्रमले झैं भाषापाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर बालबालिकाले गर्ने सम्पूर्ण अनुभवलाई समेट्दछ । यसले उनीहरूमा धारणा ज्ञान र सीपको विकास गर्न मद्दत गर्दछ । यसले विद्यार्थीका आवश्यकता र रूचिलाई ध्यानमा राखेर अनुसन्धानका आधारमा भाषा सिकाइको बाटो देखाउने काम गर्दछ ।

*(अधिकारी र शर्मा २०६३:२१)*

यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर विद्यार्थीहरूमा भाषाशिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरेको हुन्छ । भाषा स्वयम्मा सीपमूलक विषय भएकाले भाषापाठ्यक्रम पनि सीपमूलक अभ्यासमा केन्द्रित रहेको हुन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता आधारभूत सीप र कलासँग सम्वद्ध भाषिक कार्यकलापहरूमा आधारित गराएर तयार गरिएको भाषा शिक्षण प्रशिक्षणको संगठित स्वरूप नै भाषापाठ्यक्रम भएकाले यसको साधन पनि भाषा हुन्छ र साध्य वस्तु पनि भाषा नै रहेको हुन्छ ।

भाषा सिकाइ एक निरन्तर प्रक्रिया हो र यसको सिकाइ स्रोत पनि अत्यन्त व्यापक रहेको हुन्छ तर सबै स्रोतबाट सिकेको भाषा उपयुक्त र विशुद्ध हुन्छ भन्न सकिदैन । भाषा सिकाइमा सम्बन्धित भाषाको मानक र शिष्ट रूपको सिकाइ हुन सकोस् साथै सम्बन्धित भाषाका भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) र कलामा निपुणता प्राप्त होस् भन्ने अपेक्षा गरिन्छ । अतः यिनै अपेक्षित उद्देश्यहरूको पूर्ति गर्ने उद्देश्यले विद्यालय वा शैक्षिक संस्थाहरूले भाषाशिक्षण कार्यक्रमहरूको व्यवस्था गरेका हुन्छन् । यसरी भाषाशिक्षणसम्बन्धी व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषापाठ्यक्रम भनिन्छ ।
भाषापाठ्यक्रमको बनोटलाई तलको रेखाचित्रबाट स्पष्ट पार्न सकिन्छ ।

## २.६ भाषापाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रिया

### २.६.१ भाषापाठ्यक्रम निर्माणका सिद्धान्त

भाषापाठ्यक्रम निर्माणको प्रसङ्गमा सर्वप्रथम भाषा कसरी सिकिन्छ भन्ने कुरा जान्नु अत्यावश्यक ठानिन्छ । 'भाषा कसरी सिकिन्छ' भन्ने मनोवैज्ञानिक प्रश्नको उत्तर खोज्ने विषय क्षेत्रलाई मनोभाषाविज्ञान भनिन्छ । मनोभाषाविज्ञान अन्तर्गत मानिसले कसरी भाषा सिक्छ अथवा आफूले प्राप्त गरेका ज्ञान र धारणा वा अनुभवहरूलाई कसरी भाषाको माध्यम बनाउँदै जान्छ भन्ने कुराको अध्ययन गर्ने गरिन्छ । यस सम्बन्धमा मनोभाषाविज्ञानमा भाषा सिकाइका लागि दुई वटा सिद्धान्तहरूलाई प्रमुख रूपमा अगाडि सार्ने गरिन्छ जसलाई भाषापाठ्यक्रमको निर्माणका क्रममा ध्यान दिनु जरूरी मानिन्छ । ती दुई सिद्धान्तहरू हुन -

१. व्यवहारवादी सिद्धान्त

२. मनोवादी सिद्धान्त

### १. व्यवहारवादी सिद्धान्त

यो सिद्धान्त मनोवैज्ञानिकहरूले जनावरहरूमा गरेका विभिन्न प्रयोगहरूमा आधारित गराएर विश्लेषण गरिएको हो । यस सिद्धान्तको मान्यता अनुसार भाषा सिकाइ भनेको सिकारूको वातावरण प्रतिको प्रतिक्रियाको परिणाम हो । सिकारूका लागि उसका वरिपरिका वातावरण, वस्तु र अवस्थाहरू भाषा सिकाइका लागि उद्दीपक तत्त्वका रूपमा रहेका हुन्छन् र तिनै वातावरण, वस्तु र अवस्थाहरू प्रतिको प्रतिक्रिया देखाउनु नै भाषा सिकाइ हो भन्ने यस सिद्धान्तको धारणा रहेको पाइन्छ । भाषिक प्रतिक्रियाको आवृति जति धेरै पटक भयो त्यति धेरै र सबल सिकाइ हुने भएकाले नियन्त्रित वातावरणको सिर्जना गरी नियन्त्रित सामग्री र नियन्त्रित किसिमका शिक्षण विधिहरूद्वारा सिकाइको वातावरणलाई उद्दीप्त बनाइरहनु पर्दछ र विद्यार्थीहरूका बीचमा एक अर्कासँगका कार्यकलापहरू र प्रतिक्रियाहरू पनि उद्दीपक बनाइरहनु पर्दछ भन्ने दृष्टिकोण यस सिद्धान्तले अगाडि सार्दछ । यस सिद्धान्तले अरूले प्रयोग गरेका भाषालाई हेरेर, सुनेर वा भाषा प्रयोगका बारेमा व्याख्यान सुनेर भाषा सिकिने कुरामा विश्वास गर्दैन साथै भाषा सिकेर सिकिने कुरा हो र यो स्वतः प्राप्त हुने कुरा होइन भन्ने विश्वास गर्दछ । यस सिद्धान्तको मूल मान्यताअनुसार व्यक्तिले आफ्ना समझदारी र ज्ञानका भरमा स्वतन्त्र वा स्वच्छन्द रूपमा भाषा नसिकेर वातावरणको नियन्त्रणमा गरिने आवृतिमूलक अभ्यासमा नियन्त्रित भएर भाषा सिक्दछ ।

व्यवहारवादी सिद्धान्तका मूल मान्यताहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ -

क) भाषा उत्तेजनात्मक प्रतिक्रियाका रूपमा सिकिने कुरा हो ।

ख) भाषा सिकाइमा अभ्यास र पुनरावृतिको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

ग) भाषा सिकेर सिकिने कला वा सीपमूलक कुरा भएकाले यो बानी निर्माणमा आधारित हुन्छ ।

घ) सिकारूका भाषा सिकाइसम्बन्धी कार्यकलाप वा व्यवहारलाई सुनिश्चित गति प्रदान गर्न र सुनियोजित बनाउन नियन्त्रित किसिमको सिकाइ वातावरण आवश्यक पर्छ ।

यस सिद्धान्तले भाषा सिकाइमा अभ्यास र पुनरावृतिको जुन अपरिहार्यता प्रस्तुत गर्दछ । त्यसैगरी भाषालाई सिकेर सिकिने कला वा सीपका रूपमा ग्रहण गर्नु र त्यसको आदत निर्माणले भाषा सिकाइ सबल हुन्छ भन्ने धारणा राख्नु नै यसको महत्वपूर्ण प्राप्ति हो ।

### २. मनोवादी सिद्धान्त :

भाषा सिकाइको मनोवादी सिद्धान्त व्यवहारवाद विरोधी सिद्धान्तका रूपमा देखा पर्दछ । यस सिद्धान्तको मान्यता अनुसार सबै सिकारूले एउटै किसिमकाको सिकाइ प्रक्रिया ढाँचामा भाषा सिक्न सक्दैनन् । भाषा सिकाइ भन्ने कुरा हरेक व्यक्तिको वैयक्तिक भिन्नतामा भर पर्दछ । भाषा सिकाइ भन्ने कुरा बाह्य व्यवहार वा कार्यकलाप मात्र होइन, यो त एउटा

जटिल बौद्धिक प्रक्रिया र मानव जगत सम्बद्ध आन्तरिक प्रक्रिया पनि हो । त्यसैले बाह्य जगतका कृत्रिम र यान्त्रिक प्रक्रियाबाट भाषा नसिकिएर आन्तरिक किसिमका सहजात प्रक्रियाबाट सिकिन्छ । भाषा सिक्ने क्रममा सर्वप्रथम ध्वनि, त्यसपछि एक शब्द, दुई शब्द, टेलिग्राफिक र पूर्ण वाक्यात्मक रूपहरू सुरू-सुरूमा सीमित र पछि क्रमशः असीमित रूपमा सिकारूका मानसपटलमा कोरिदै र पूर्वानुमानित हुँदै जान्छन् । त्यसमा पनि सुरूमा ग्रहणात्मक र पछि अभिव्यक्तिमूलक सम्पादनमा भाषा परिष्कृत हुँदै गइरहेको हुन्छ । मनोवादी सिद्धान्तले भाषा विकासका चरणहरूको गम्भीर निरीक्षण र अध्ययन प्रक्रियाबाट आफ्नो भाषा सिकाइ सिद्धान्तको निर्माण गरेको देखिन्छ ।

मनोवादी सिद्धान्तका मूल मान्यताहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ -

क) भाषा सिक्ने वातावरण स्वतन्त्र किसिमको हुनुपर्दछ र त्यो सिकारूको समझ र ज्ञानमा आधारित हुनुपर्दछ ।

ख) नियन्त्रित वा सीमित वातावरण र सामग्रीको सहयोगले भन्दा अनियन्त्रित वातावरण र असीमित सामग्रीको सहयोगले जीवन्त भाषा सिक्न सकिन्छ ।

ग) भाषा प्रयोगको लागि जति स्वतन्त्र वातावरण सिकारूले पाउँछ त्यति नै उसले अर्थपूर्ण भाषाको प्रयोग गर्न सक्दछ ।

यस भाषा शिक्षणका लागि पाठ्यक्रमको निर्माण गर्दा भाषा सिकाइ प्रक्रियाका बारेमा प्रतिपादित यी दुई सिद्धान्तका उद्देश्य, अपेक्षा र प्रक्रियाहरूलाई आत्मसात गरिनुपर्दछ । भाषा सिकाइका क्रममा एउटा मात्रै सिद्धान्तलाई प्रयोगमा नल्याएर दुइटै सिद्धान्तको उपयोग गर्नु आवश्यक मानिन्छ । *(शर्मा र पौडेल २०६०:२८५-२८८)*

## २.६.२ भाषापाठ्यक्रम निर्माणका प्रक्रिया

पाठ्यक्रम शिक्षण सिकाइ कार्यकलापको एउटा व्यवस्थित योजना र कार्यक्रम हो । त्यसैले यसको निर्माण प्रक्रिया त्यति सजिलो छैन जति भन्न सजिलो छ । पाठ्यक्रम निर्माण गर्दा एकातर्फ यसका सैद्धान्तिक पक्षहरूतर्फ सचेत हुनु आवश्यक छ भने अर्का तर्फ व्यावहारिक ढङ्गले शिक्षण सिकाइ आवश्यकताको पहिचान गरी सोही अनुरूप व्यवस्थित ढङ्गले यसका विभिन्न स्तम्भहरूको लेखन र अङ्कन गर्नु पर्ने हुन्छ । भाषापाठ्यक्रम निर्माण गर्दा भाषा सिकाइका सैद्धान्तिक मर्महरू अनुरूप निर्माण हुन सकोस् र त्यसले अपेक्षित भाषिक आवश्यकताहरूको व्यावहारिक एवम् सुसिक्य ढङ्गले परिपूर्ति गर्न सकोस् भन्ने बारेमा पाठ्यक्रम निर्माता सचेत हुनु अत्यन्त जरूरी मानिन्छ । यसका निम्ति भाषापाठ्यक्रम विकासका अङ्ग, स्तम्भ र तिनको सङ्गठित प्रस्तुति दिन सक्ने खुबी र विशेषताले पनि युक्त हुनु जरूरी हुन्छ । अन्य विषयका पाठ्यक्रम निर्माणका साथसाथै भाषापाठ्यक्रम निर्माण प्रक्रिया निम्नलिखित बुँदाहरूमा आधारित भएर क्रमवद्ध रूपमा अगाडि बढ्नु पर्ने हुन्छ ।

क) आवश्यकता विश्लेषण,

ख) लक्ष्य र उद्देश्यको निर्धारण,

ग) पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम,

घ) शिक्षण प्रक्रिया,

ङ) मूल्याङ्कन प्रक्रिया ।

**क) आवश्यकता विश्लेषण**

पाठ्यक्रम निर्माण गर्दा सम्बन्धित विषय शिक्षणको सैद्धान्तिक ज्ञान र त्यसको स्तम्भगत व्यावहारिक प्रस्तुतिले मात्र उपयुक्त किसिमको पाठ्यक्रम निर्माण नहुन सक्छ । त्यसैले सम्बन्धित विषय शिक्षण सिकाइको आवश्यकता के हो ? त्यस बारे पाठ्यक्रम निर्माता सर्वप्रथम स्पष्ट हुनु आवश्यक हुन्छ । कुनै पनि विद्यार्थी कुनै समाज विशेषमा आश्रित रहेको हुन्छ, कुनै संस्कृति विशेषमा आबद्ध रहेको हुन्छ र परिवेश विशेषका विविध कार्यकलापमा सहभागी रहेको हुन्छ । तसर्थ विद्यार्थीका वैयक्तिक जीवन, सामाजिक जीवन, साँस्कृतिक जीवन, वातावरणीय जीवन र राष्ट्रिय जीवनका अनेकौं आवश्यकताहरू विद्यमान रहेका हुन्छन् । शिक्षाले विद्यार्थीका यिनै विविध आवश्यकताहरू परिपूर्ति गर्नु पर्ने हुन्छ र त्यसै अनुरूप विविध विषयसम्बद्ध पाठ्यक्रमको निर्माण गरेर व्यवस्थित ढङ्गले शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्नु पर्ने हुन्छ । यसरी पाठ्यक्रम मूलतः विद्यार्थीकेन्द्रित हुनुपर्दछ र विद्यार्थीका शैक्षिक आवश्यकताहरू प्रभावकारी ढङ्गमा पूरा गर्न मद्दतगार हुनुपर्दछ । भाषिक आवश्यकताहरूको विश्लेषणका विविध क्षेत्रहरू निम्नानुसार छन् -

- वैयक्तिक आवश्यकता
- सामाजिक आवश्यकता
- राष्ट्रिय आवश्यकता
- अन्तर्राष्ट्रिय आवश्यकता
- सामान्य आवश्यकता
- विशिष्ट आवश्यकता
- तत्कालीन आवश्यकता
- भावी आवश्यकता
- पहिलो भाषिक आवश्यकता
- दोस्रो भाषिक आवश्यकता
- प्रयोजनपरक आवश्यकता
- मौखिक आवश्यकता
- तहगत आवश्यकता
- अन्य विविध आवश्यकता

**ख) लक्ष्य र उद्देश्यको निर्धारण**

पाठ्यक्रम निर्माणको पहिलो चरण आवश्यकताको विश्लेषण हो भने दोस्रो चरण लक्ष्य वा उद्देश्यको निर्धारण हो । शिक्षणीय आवश्यकताहरूको निदान गरी अपेक्षित सामाजिक, सांस्कृतिक तथा वैयक्तिक परिवर्तन र परिष्कार ल्याउने ध्येय राखेर समग्र शिक्षण सिकाइ गतिविधि र कार्यक्रमलाई सुनिश्चित गोरेटो प्रदान गर्ने मूल निर्देशनका रूपमा लक्ष्य र उद्देश्यको निर्धारणलाई लिइन्छ । लक्ष्य र उद्देश्यको अभिप्राय उस्तै उस्तै भए

पनि लक्ष्यले दीर्घकालीन उद्देश्यलाई आत्मसात गरेको हुन्छ भने उद्देश्यले अल्पकालीन समयावधिको अपेक्षालाई अङ्गीकार गरको देखिन्छ । यसर्थ लक्ष्यले व्यापक र विस्तृत समयावधिलाई इङ्गित गर्दछ भने उद्देश्यले त्यस लक्ष्य प्राप्तिका लागि निर्धारण गरिने सीमित समय खुड्किलाहरूका अपेक्षाहरूलाई इङ्गित गरेको हुन्छ । उद्देश्य निर्धारणमा दर्शनीयता, स्पष्टता, सरलता, मापनीयता, सुसिक्यता, छरितोपन, र व्यवहारिकता जस्ता विविध गुण र विशेषताहरू झल्किन सकून भन्ने भाषापाठ्यक्रम निर्माताले अपेक्षा राखी सोही अनुरूपको सोच बनाएर उद्देश्य निर्धारणमा सरिक हुनु अति आवश्यक छ ।

**ग) पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम**

पाठ्यक्रम निर्माणको तेस्रो चरणमा पाठ्यबस्तुको निर्धारण र त्यसको उपयुक्त प्रस्तुतिक्रम पर्दछ । भाषिक आवश्यकताहरूको विश्लेषणपश्चात तय गरिएका लक्ष्य र उद्देश्यको सूचीअनुरूप हुने गरी पाठ्य समयसीमा, कक्षा, तह, स्तर, उमेर, पृष्ठभूमि, रूचि, प्रवृति आदि यावत पक्षअनुकूल बनाएर भाषिक विषयवस्तु वा पाठ्यवस्तुको निर्धारण गरिनुपर्दछ । पठनपाठनका निम्ति निर्धारित गरिएको समय सीमामा बाँधिएर त्यस समयावधिका लागि उपयुक्त हुने गरी पाठ्यवस्तुको निर्धारण वा छनोट गर्नु पर्ने हुन्छ । त्यसैगरी भाषाका आधारभूत सीप विकास गर्न सहयोगी हुने किसिमका विधा-उपविधाहरूमा ढालेर पर्याप्त भाषिक अभ्यास गराउन मिल्ने गरी पाठ्यवस्तुहरू निर्धारण गर्नु पर्ने हुन्छ ।

पाठ्यवस्तु वा पाठ्यसामग्रीहरूको छनोटले मात्र यस चरणको कार्य समाप्त भएको हुँदैन, छनोट गरिएका सामग्रीलाई सुस्पष्ट स्तरण र प्रस्तुतिक्रम प्रदान गर्नु पनि उत्तिकै महत्वपूर्ण कार्य मानिन्छ । छनोट वा निर्धारणले पाठ्यवस्तुको सीमाङ्कन मात्र गर्दछ, त्यसलाई उपयुक्त एवम् व्यवस्थित शिक्षणक्रममा ढाल्ने काम त स्तरण वा प्रस्तुतिक्रमले गर्दछ । विषयवस्तुलाई सरलबाट जटिल, ज्ञातबाट अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष, विशेषबाट सामान्यको क्रममा राख्ने र चक्रीय बिस्तरण मिलाउने ध्येय प्रस्तुतिक्रमको रहेको हुन्छ । जसबाट पाठ्यवस्तुहरू सुवोध, सरल र सुसिक्य हुन मद्दत पुग्दछ । त्यसैले पाठ्यक्रम निर्माता पाठ्यवस्तुको प्रस्तुतिक्रममा निर्धारणमा निकै सचेत र विज्ञ हुनुपर्दछ ।

**३) शिक्षण प्रक्रिया**

पाठ्यक्रम निर्माणको चतुर्थ चरणमा शिक्षण प्रक्रियाहरूको निर्देशन गरिएको हुन्छ । उचित ढङ्गले छनोट र प्रस्तुतिक्रम मिलाइएका पाठ्यवस्तुहरूलाई वास्तविक शिक्षण सिकाइ कार्यकलापमा ढालेर उद्देश्य अनुरूपका उपलब्धि हासिल गर्ने गराउने मुख्य अभिभारा शिक्षण प्रक्रियाले बहन गरेको हुन्छ । शिक्षण प्रक्रिया भनेको तोकिएका पाठ्यवस्तु वा विषयवस्तुहरूलाई उद्देश्यअनुरूपका उपलब्धि प्राप्त गराउन अपनाइने विधि-प्रविधि र त्यसै अनुरूपका शिक्षण सामग्रीहरूको उपयोग र उपादेयतासम्बन्धी कार्यकलाप हो, यसमा विषयवस्तु अनुरूप शिक्षकले अपनाउने शिक्षण विधि, शिक्षण सामग्री तथा शिक्षण सिकाइ

कार्यकलाप आदिको युक्तिसंगत निर्देशन गरिएको हुन्छ । कुन विधाबाट के कस्ता कार्यकलाप गराउने, कार्यकलापको क्रम कसरी मिलाउने, शिक्षकले के गर्ने, विद्यार्थीले के गर्ने, के कस्ता सामग्रीहरू उपयोगमा ल्याउने भन्ने जस्ता कुराहरू पाठ्यक्रममा दिइनु पर्दछ ।

शिक्षण प्रक्रियालाई नै उद्देश्यगत उपलब्धिसम्म पुऱ्याउने शिक्षण-सिकाइ विधिसम्बन्धी महत्वपूर्ण निर्देशन मानिएकाले यसको प्रवन्ध गर्दा पाठ्यक्रम निर्माताले निकै सोच-समझ र कुशलता देखाउनु जरूरी छ । शिक्षण प्रक्रियाको यथेष्ट र प्रभावकारी निर्देशन हुन सकेन भने परम्परागत अवैज्ञानिक शिक्षणतर्फ सम्बन्धित भाषा शिक्षकहरू मोडिन सक्दछन् र भाषापाठ्यक्रम जतिसुकै राम्रो भए पनि त्यसको उपलब्धि अत्यन्त न्यून हुन सक्छ । पाठ्यक्रममा द्वैभाषिक, बहुभाषिक र दोस्रो भाषिक कक्षाहरूमा भाषा शिक्षण प्रक्रियाको गहन निर्देशन हुनु आवश्यक मानिन्छ ।

**ङ) मूल्याङ्कन प्रक्रिया**

पाठ्यक्रम निर्माणको अन्तिम अनिवार्य प्रक्रियाका रूपमा मुल्याङ्कनलाई लिइन्छ । मूल्याङ्कन भनेको कुनै पनि कार्यक्रम वा योजना के कति सफल वा विफल भयो ? त्यसका के कस्ता पक्षहरू प्रभावकारी भए वा भएनन् ? भनेर गहन किसिमले निरीक्षण, अवलोकन, परीक्षण र प्रयोग आदिका माध्यमले लेखाजोखा गर्ने र निर्णयमा पुग्ने एक महत्वपूर्ण आधार हो । पाठ्यक्रम एक योजनावद्ध कार्यक्रम भएकोले त्यसको कार्यान्वयनमा के कस्ता सफलता वा विफलता प्राप्त भए, पाठ्यक्रमका कुन कुन पक्ष सकारात्मक वा नकारात्मक देखिए, उद्देश्य निर्धारणदेखि लिएर शिक्षण प्रक्रियासम्मका के कति कुराहरू प्रभावकारी हुन सके, सकेनन् भन्ने कुराको लेखाजोखा गरी निष्कर्षमूलक निर्णयमा पुग्नु अत्यावश्यक हुन आउँछ ।

मूल्याङ्कनको कार्य कार्यक्रमको अनुगमन र अवलोकन गर्नु मात्र नभएर विद्यार्थी मूल्याङ्कनलाई पनि अभिन्न बनाएर हिडाउनु हो । त्यसैले शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई लिइनु पर्छ र त्यसको उपभोगसम्बन्धी प्रक्रियाहरूको निर्देशन पाठ्यक्रममा दिइनु पर्दछ । उपलब्धिस्तर अनुसार विद्यार्थीलाई प्रोत्साहन दिन, कक्षा उकास्न, श्रेणी निर्धारण गर्न, कमी कमजोरी हटाउने प्रेरणा प्रदान गर्न तथा शिक्षण सिकाइमा सक्रिय सहभागी बनाउन मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेल्ने हुनाले समसामयिक मूल्याङ्कन र संरचनात्मक मूल्याङ्कन प्रक्रियाहरूको यथेष्ट सूचना पाठ्यक्रममा गरिएको हुनुपर्दछ । भाषा पाठ्यक्रम अन्तर्गत झन् मूल्याङ्कन प्रक्रियाको निकै ठूलो महत्व र उपादेयता रहेको हुन्छ । भाषा शिक्षण भएकाले यसको सुधार र प्रवर्द्धनका लागि निरन्तर मूल्याङ्कन र अनुगमनको खाँचो पर्दछ । त्यसैले के कस्ता भाषिक मूल्याङ्कनका प्रक्रिया र साधन अपनाएर भाषाका हरेक पक्षहरूको सान्दर्भिक मूल्याङ्कन गरी तिनमा आवश्यक सुधार र परिमार्जन गर्नु पर्छ भन्ने कुरामा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

*(शर्मा र पौडेल २०६०: २८९-२९५)*

# अध्याय-तीन

# निर्धारित पाठ्यक्रमहरुको परिचय तथा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धको अध्ययन

## ३.१ उच्च माध्यमिक विद्यालय पाठ्यक्रमको परिचय

कुनै पनि राष्ट्रको शिक्षाको वास्तविक स्थिति, स्तर र उद्देश्यको पहिचान त्यस राष्ट्रका शिक्षालयहरूमा पठनपाठन हुने पाठ्यक्रमले परिभाषित गर्दछ । देशमा मौजुदा शिक्षा नीतिमा परिवर्तनको प्रक्रिया थालनी पनि पाठ्यक्रमको परिवर्तनबाटै प्रारम्भ हुन्छ भन्ने कुरा दुइमत रहदैन् । देशले अङ्गीकार गरेको शिक्षा नीतिको प्रतिबिम्ब पनि पाठ्यक्रमबाट नै झल्किन्छ । शिक्षा क्षेत्रमा नयाँ-नयाँ प्रविधि र अवधारणाहरूको विकास भइरहेको स्थितिमा विद्यार्थी अभिभावक, शिक्षक तथा सिङ्गो समाजको चाहना र आजको एक्काइसौं शताब्दीको आवश्यकतालाई समेट्नु आजको पाठ्यक्रमको पहिलो आवश्यकता पनि हो । विगतमा भए गरेका कार्यका अनुभवको आधारमा पाठ्यक्रममा देखिएको कमी कमजोरीहरूलाई सच्याउँदै समय सापेक्ष रूपमा र पाठ्यक्रममा परिमार्जन हुनु पनि नितान्त आवश्यक हुन आउँछ । पाठ्यक्रमको केन्द्रविन्दु भनेकै विद्यार्थी वर्ग हुन् । तसर्थ जबसम्म पाठ्यक्रम विद्यालय स्तरसम्म पुऱ्याई विद्यार्थीहरूलाई सोही अनुसार पठनपाठन कार्यमा सरिक गराई अपेक्षित उपलब्धि पूरा गर्न गराउन सकिदैन । तबसम्म पाठ्यक्रम सही ढङ्गले कार्यान्वयन भएको मान्न पनि सकिन्न । यिनै परिप्रेक्षमा हाम्रो देशमा पनि २०४६ सालमा उच्च माध्यमिक शिक्षा ऐनको निर्माण गरी सोही ऐनका आधारमा उच्च माध्यमिक शिक्षा (१०+२) को पद्धति लागू गरिएको थियो । यस तहलाई विद्यालयीय शिक्षाको अभिन्न अङ्गको रूपमा स्वीकार गरिसकिएको छ । यस तहका शिक्षाको प्रमुख उद्देश्य भनेको वर्तमान परिस्थितिमा देशलाई आवश्यक मध्यमस्तरको जनशक्ति उत्पादन गर्नु र उच्च तहको ज्ञान, सीपको विशिष्टीकरणतर्फ जान अध्ययनका लागि आवश्यक पूर्वाधार र गुणस्तरका विद्यार्थी तयार गर्नु हो । यसको औचित्यलाई देहायका बुँदाहरूका आधारमा अझ स्पष्ट पार्न सकिन्छ ।

क) देशको दुर्गम र अति पिछडिएको ठाउँमा विद्यालयमा १०+२ पद्धति लागु गर्दा ती क्षेत्रमा बस्ने गरीब तथा निमुखा जनताका छोराछोरीहरूले उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चित हुनु नपर्ने,

ख) विद्यालयको १० वर्षे शिक्षाले विश्वविद्यालयको विशिष्टीकरण शिक्षातर्फ उन्मुख गराउनलाई विद्यार्थीहरूमा चाहिने परिपक्वता प्रदान गर्न नसक्ने भएकाले १०+२ पद्धतिको आवश्यकता भएको,

ग) १०+२ उच्च शिक्षाको लागि तयारी मात्र नभई आफैमा अन्त हुने गरी केही पेशेवार सीपयुक्त शिक्षा प्रदान सकेमा विद्यार्थीले यो तहमा पढाई समाप्त गरेपछि बजारमा जीविकोपार्जनको लागि अवसर पाउने भएको ,

घ) देशको विद्यमान शिक्षाको स्तरलाई सार्क देशहरूको तुलनामा पुऱ्याउनु पर्ने भएको ।

यिनै उद्देश्यहरू प्राप्तिका लागि आवश्यक पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०४९/०५० देखि नेपाल अधिराज्यभरमा ३८ वटा उच्च माध्यमिक विद्यालयहरूमा पठनपाठन प्रारम्भ भएको थियो भने शैक्षिक सत्र २०६१/०६२ सम्म पुग्दा उक्त सङ्ख्यामा बृद्धि हुन गई ९११ वटा पुगिसकेको छ । उच्च माध्यमिक तह कार्यक्रमको प्रारम्भको पहिलो वर्ष शैक्षिक सत्र २०४९/०५० मा पाठ्यक्रम लागु हुँदा चार सङ्कायमा आधारित थियो भने सो परिवर्तन भई शैक्षिक सत्र २०५५/०५६ देखि वर्तमान पाठ्यक्रम कार्यान्वयनमा आइरहेको छ ।

राष्ट्रिय शिक्षा आयोगले साधारण, पेशागत, प्राविधिक, बहुप्राविधिक तथा संस्कृत गरी जम्मा पाँच धारे शिक्षा पद्धति हुनु पर्दछ भनी सिफारिस गरेकोमा सेप्टेम्वर १९९३ को त्रि.वि.र शिक्षा संस्कृति तथा समाज सकल्याण मन्त्रालयबीच भएको सम्झौता अनुसार उच्च माध्यमिक शिक्षा पद्धतिलाई एकलधारे पद्धतिमा लैजाने उल्लेख भएको र सोही अनुसार नै वर्तमान पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आइरहेको छ । वास्तवमा यो नयाँ पाठ्यक्रम एकलधारे हो भन्न सकिन्न तर प्रयास चाहिँ एकलधारे बनाउने तर्फ उन्मुख छ । तसर्थ वर्तमान पाठ्यक्रमलाई एकलपथोन्मुख मान्न सकिन्छ ।

यो पाठ्यक्रम निर्माणको क्रममा अपनाइएका विभिन्न प्रक्रियाहरूमध्ये उच्च माध्यमिक शिक्षा परिषद्ले पाठ्यक्रम निर्माणको विभिन्न पक्षहरूलाई लिएर सन् १९९४ मा एउटा राष्ट्रिय गोष्ठीको आयोजना गऱ्यो र सो गोष्ठीबाट पाठ्यक्रम निर्माणसम्बन्धी नीतिगत मस्यौदा कार्यक्रम तयार गरी त्यही कार्यपत्रको आधारमा परिषदले सन् १९९४ को ३१ अगस्तमा परिषद्बाट त्रिभुवन विश्वविद्यालय र शिक्षासँग सम्बन्धित विभिन्न क्षेत्रमा कार्यरत विषयसँग सम्बन्धित विशेषज्ञहरू समावेश हुने गरी ५ सदस्यीय पाठ्यक्रम उपसमिति गठन गरियो । ती उपसमितिहरू मार्फत पाठ्यक्रम निर्माण गर्ने कामको थालनी भयो । त्यसपछि परिषद्ले हरेक विषयको छुट्टाछुट्टै समिति गठन गरी सोही विषय समितिले देशका शिक्षाविद् बुद्धिजीवि र सरोकारवाला पक्ष, शिक्षक, विद्यार्थीसँग समेत छलफल र अन्तरक्रिया गरी/गराई यो पाठ्यक्रम निर्माण गरिएको हो । यसरी निर्मित पाठ्यक्रममा पनि समयसापेक्ष सुधारका लागि विगत वर्षमा ७ वटा विषय ११०० पूर्णाङ्कको पाठ्यक्रम परिमार्जन गरी सकिएको छ भने आगामी वर्षहरूमा पनि उक्त प्रक्रियालाई निरन्तरता दिइनेछ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को सिफारिस तथा नवौं पञ्चवर्षीय योजनाको आधारपत्र अनुसारको १०+२ को अवधारणा अहिलेको यथार्थता हो । शिक्षाको

राष्ट्रिय स्वरूप निर्धारण गर्ने क्रममा प्राप्त सहभागीतालाई यसले प्रतिबिम्बित गरेको छ । २०५३ साल आषाढ २३ देखि २५ गतेसम्म सञ्चालित 'उच्च माध्यमिक शिक्षा राष्ट्रिय गोष्ठी' ले उच्च माध्यमिक शिक्षाको सान्दर्भिकता तथा औचित्यलाई आत्मसात् गरी यसलाई व्यापकता दिन सिफारिस गरेको छ । यसबाट उच्च माध्यमिक शिक्षाको कार्यान्वयनका सम्बन्धमा देखा परेका द्विविधा र सन्देहहरू स्वतः समाप्त भएका छन् ।

२०५५ श्रावणदेखि कक्षा ११ का निम्ति एकलपथको अवधारणा अनुरूप तयार गरिएका ३२ विषयका पाठ्यक्रमहरू लागु भइसकेको वर्तमान परिप्रेक्षमा अरू थप ११ वटा विषयहरू समेत समावेश गरी जम्मा ४३ विषयका पाठ्यक्रमहरू प्रकाशित गरिएको छ । यस पाठ्यक्रममा अङ्कभारको संरचना र विषय छनोट निम्नानुसार तर्जुमा गरिएको छ ।

क) अनिवार्य विषयहरू : अंग्रेजी - २०० अङ्कभार
नेपाली - १०० अङ्कभार
ख) इच्छाधीन विषयहरू - ७०० अङ्कभार
कूल अङ्कभार - १०००

उच्च माध्यमिक विद्यालय पाठ्यक्रम २०५६ अनुसार कक्षा ११ र १२ को पाठ्यक्रमको संरचना देहाय अनुसारको छ ।

| कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विषयहरू | पूर्णाङ्क | क्र.सं. | विषयहरू | पूर्णाङ्क |
| १ | अनिवार्य अंग्रेजी | १०० | १ | अनिवार्य अंग्रेजी | १०० |
| २ | अनिवार्य नेपाली | १०० | २ | | |
| ३ | इच्छाधीन I (खण्ड १) | १०० | ३ | इच्छाधीन I (खण्ड २) | १०० |
| ४ | इच्छाधीन II (खण्ड १) | १०० | ४ | इच्छाधीन II (खण्ड २) | १०० |
| ५ | इच्छाधीन III (खण्ड १) | १०० | ५ | इच्छाधीन III (खण्ड २) | १०० |
| ६ | | | ६ | इच्छाधीन IV (खण्ड २) | १०० |
| | जम्मा | ५०० | | जम्मा | ५०० |

विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूले भने अनिवार्य नेपाली विषय कक्षा १२ मा अध्ययन गर्नु पर्ने र विदेशी विद्यार्थीहरूले अनिवार्य नेपालीको सट्टा वैकल्पिक अंग्रेजी विषय छनोट गर्न सक्ने व्यवस्था गरिएको छ ।

- उच्च माध्यमिक विद्यालय पाठ्यक्रम (२०५६)

## ३.२ कक्षा ११ र १२ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रम

विद्यालय तहको शिक्षा अर्थात् एस.एल.सी. परीक्षा उत्तीर्ण गरिसकेपछि उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि शिक्षाशास्त्र सङ्कायतर्फ अनिवार्य नेपाली विषयका साथसाथै ऐच्छिक नेपाली पनि समावेश गरिएको छ । कक्षा ११ र कक्षा १२ मा १००/१०० पूर्णाङ्क ऐच्छिक नेपालीलाई दिइएको छ भने ५० पूर्णाङ्कको नेपाली शिक्षण पनि समावेश गरिएको छ । कक्षा ११ को पाठ्यक्रमलाई 'ऐच्छिक नेपाली १' र कक्षा १२ को ऐच्छिक नेपालीलाई 'ऐच्छिक नेपाली २' भनी नामाकरण गरिएको छ ।

कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यांश उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि नेपाली गद्य, भाषा र साहित्य परिचयमा विशिष्टीकरणतर्फ अभिमुख गराउन राखिएको छ । यसमा नेपाली कथा, उपन्यास, निबन्धको सामान्य परिचय, विवेचना, विकासक्रम र सम्बन्धित लेखकको सङ्क्षिप्त परिचय तथा नेपाली भाषाको विकासक्रम, स्वरूप र यसका प्रयोजनपरक भेदहरूका साथै साहित्यको परिचय, हेतु, प्रयोजन, शब्दशक्ति, रस अलङ्कार र छन्दका परिचयात्मक अध्ययनका लागि विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठ्यक्रमले आफ्नो क्षेत्रलाई निम्न भागहरूमा समेटेको छ -

### ३.२.१ कक्षा ११ को ऐच्छिक नेपाली विषयको उद्देश्य

**साधारण उद्देश्य**

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन-

- नेपाली भाषा र साहित्यको उन्नतिका निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न,
- साहित्यिक चर्चा परिचर्चा, लेखन कार्यहरूमा सहभागी भई आफ्ना दृष्टिकोणहरू व्यक्त गर्न,
- भाविक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता र सुन्दरताप्रति अभिप्रेरित हुन,
- निधारित कथा, उपन्यास र निबन्धहरूको अध्ययनबाट कथा, उपन्यास र निबन्धलेखन क्षमताको विकास गर्न ।

**विशिष्ट उद्देश्य**

यो पाठ्यांश पढेपछि विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् -

१) नेपाली कथा, उपन्यास र निवन्धको विकासक्रमको सामान्य परिचय दिन,

२) निर्धारित रचनाका रचनाकारहरूको सामान्य परिचय दिन,

३) निर्धारित कथा, उपन्यास र निवन्धहरूको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न,

४) नेपाली भाषाको ऐतिहासिक विकासक्रम वर्तमान स्वरूप, संरचना र यसका प्रयोजनपरक भेदको सामान्य परिचयात्मक वर्णन र विवेचना गर्न,

५) नेपाली साहित्यको परिचय अन्तर्गत हेतु, प्रयोजन, शब्दशक्ति, रस, अलङकार छन्दको सामान्य परिचय दिन ।

### ३.२.२ विधाको क्षेत्र र क्रम

**खण्ड (क) : नेपाली कथा**

१. कथाको परिचय (परिषाभा र तत्त्वहरू)

२. आधुनिक नेपाली कथाको विकासक्रम (प्रवृति र चरणहरू)

३. निर्धारित कथाकारहरूको परिचय र तिनका कथाहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या ।

| | |
|---|---|
| क) गुरूप्रसाद मैनाली | नासो |
| ख) विश्वेश्वरप्रसाद कोइराला | दोषी चस्मा |
| ग) रूपनारायण सिंह | बितेका कुरा |
| घ) पुष्कर शमशेर | लोग्ने |
| ङ) गोविन्दबहादुर गोठाले | लक्ष्मीपूजा |
| च) रमेश विकल | लाहुरी भैंसी |
| छ) इन्द्रबहादुर राई | जयमाया आफूमात्र लिखापानी आइपुगी |
| ज) माया ठकुरी | मृगतृष्णा |
| झ) परशु प्रधान | छिँडीभरिको आकाश |

**खण्ड (ख) : नेपाली उपन्यास**

१. उपन्यासको परिचय (परिभाषा र तत्त्वहरू)

२. आधुनिक नेपाली उपन्यासको विकासक्रम (प्रमुख प्रवृति र चरण)

३. निर्धारित उपन्यासकारहरूको परिचय र उपन्यासहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या ।

क) उपन्यासकार रूद्रराज पाण्डे र रूपमती,

ख) उपन्यासकार लैनसिंह बाङ्देल र माइतघर ।

**खण्ड : (ग) नेपाली निवन्ध**

१. निवन्धको परिचय : (परिभाषा र तत्त्वहरू),

२. नेपाली निबन्धको विकासक्रम (प्रमुख प्रवृति र चरण),

३. निर्धारित निबन्धहरूको परिचय र निबन्धहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या ।

| | |
|---|---|
| क) लक्ष्मीप्रसाद देवकोटा | पहाडी जीवन |
| ख) हृदयचन्द्रसिंह प्रधान | जुँगा |
| ग) केशवराज पिंडाली | खै-खै |

| | |
|---|---|
| घ) रामकृष्ण शर्मा | सगरमाथामा तेन्जिङ |
| ङ) शङ्कर लामिछाने | औपन्यासिक पात्र : जीवनको पृष्ठभूमिमा |
| च) अच्छा राई | भूँडी |
| छ) श्यामप्रसाद शर्मा | एक घण्टा बिताउन |
| ज) ताना शर्मा | राष्ट्रियताको ज्योति हुलाकघर |
| झ) भैरव अर्याल | अमरावति कान्तिपुरी नगरी |

**खण्ड (घ) : नेपाली भाषा**

१. भाषाको परिचय

क) भाषाका विशेषता,

ख) भाषिक व्यवस्था (वर्ण, व्याकरण, अर्थ र शब्द भण्डार),

ग) भाषिक अध्ययन (ऐतिहासिक, वर्णनात्मक र तुलनात्मक),

२. नेपाली भाषाको इतिहास : भारोपेली परिवार, संस्कृत, प्राकृत र अपभ्रंश, प्राचीन, मध्यकालीन र आधुनिक नेपाली तथा नेपाली भाषाको प्राचीनतम अभिलेख र पुरानो वाङ्मय-प्रमुख ग्रन्थहरूको सामान्य परिचय मात्र)

३. नेपाली भाषाको स्वरूप

क) उच्चारण व्यवस्था (स्वर, व्यञ्जन र अक्षर प्रणाली),

ख) व्याकरण : शब्दनिर्माण, रूप, शब्द र वाक्य ।

४. नेपाली भाषाका भाषिकाहरू,

५. नेपाली कथ्य र लेख्य भाषा,

६. सामान्य नेपाली र साहित्यिक नेपाली,

७. ज्ञानविज्ञानको नेपाली (प्रयोजनपरक भेदहरू, पारिभाषिक शब्दावली र वाक्य गठन),

८. नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय ।

**खण्ड (ङ) साहित्य परिचय**

१. साहित्यको परिभाषा हेतु र प्रयोजन,

२. साहित्यको विद्यागत वर्गीकरण (सामान्य परिचय मात्र),

३. शब्दशक्ति (अभिधा, लक्षणा र व्यञ्जनाको सामान्य परिचय),

४. रसको परिचय र नवरसको सोदाहरण परिचय,

५. अलङ्कारको परिचय र अनुप्रास, यमक, श्लेष, उपमा, रूपक, दृष्टान्त, अलङ्कारको सामान्य परिचय,

६. छन्दको परिचयका साथै अनुष्टुप, उपजाति, मन्दाक्रान्ता, शिखरिणी, शर्दुलविक्रीडित : झ्याउरे र मुक्तलय (गद्य कवितामा प्रयुक्त) को पहिचान ।

### ३.२.३ विधाको स्पष्टीकरण

कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यक्रमले गद्य विधाहरूलाई आफ्नो क्षेत्रअन्तर्गत समेटेको छ । यसमा कथा उपन्यास, निबन्ध, नेपाली भाषा र साहित्य परिचय जस्ता विषय-वस्तुहरू समावेश छन् । यस पाठ्यपुस्तकमा समावेश विषयवस्तुको अध्ययन गरी विद्यार्थीहरूलाई नेपाली गद्यसाहित्य, भाषा र साहित्य परिचयमा विशिष्टीकरणतर्फ अभिमुख गराउनु नै पाठ्यक्रमको प्रमुख उद्देश्य रहेको छ । कथा, उपन्यास एवम् निवन्धको अध्ययन गरी विद्यार्थीको अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गर्न सक्ने क्षमतामा पनि यस पाठ्यांशको अध्ययनबाट सहयोग पुग्नेछ । साथै विद्यार्थीहरूले नेपाली भाषाको ऐतिहासिक एवम् वर्तमान स्वरूप, संरचना र साहित्य, परिचय अन्तर्गत हेतु, प्रयोजन, शब्दशक्ति रस, अलङ्कार र छन्दको सामान्य परिचय दिन सक्नेछन् । यसरी विभिन्न उद्देश्य पूरा गर्ने प्रयोजनका निम्ति यस पाठ्यक्रमले उपरोक्त विधाहरूलाई समेटेको हो ।

**ङ) विधागतः अङ्क र पाठ्यभार**

कक्षा ११ को ऐच्छिक नेपाली विषयलाई १०० पूर्णाङ्क दिइएको छ । यसको सम्पूर्ण पाठ्यभार १५० घण्टी तोकिएको छ भने साप्ताहिक पाठ्यभार ६ घण्टी निर्धारण गरिएको छ । यस पाठ्यक्रमले आफ्नो क्षेत्रअन्तर्गत समेटेका विधा एवम् पाठ्यवस्तुहरूलाई विधागत रूपमा निम्नानुसार पूर्णाङ्क र पाठ्यभार दिइएको छ -

| क.सं. | विधा | अङ्क | पाठ्यभार |
|---|---|---|---|
| १ | कथा | ३० | ४५ |
| २ | उपन्यास | २० | ३० |
| ३ | निबन्ध | २० | ३० |
| ४ | नेपाली भाषा | २० | ३० |
| ५ | साहित्य परिचय | १० | १५ |
| | जम्मा | १०० | १५० |

## ३.३ कक्षा १२ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रम

कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यांश उच्च मा.वि. तह दोस्रो वर्षको विशिष्टीकरण विषयको उद्देश्य पूरा गर्ने अभिप्रायले तयार पारिएको हो । यस पाठ्यांशले नेपाली कविता, नाटक र साहित्यको इतिहासलाई विद्यार्थी सामु प्रस्तुत गर्न खोजेको छ । यसमा पाठ्यक्रमले निर्देश गरे बमोजिम नेपाली कविता, नाटक र साहित्यको इतिहास आदिसँग सम्बद्ध विषयहरू माथि चर्चा गरिएको छ । यसका साथै तिनको सैद्धान्तिक परिचय, विकासक्रम र निर्धारित साहित्यकारहरूको परिचय सहित तिनका रचनाहरूको आवश्यक विश्लेषण समेत प्रस्तुत गरिएको छ ।

### ३.३.१ कक्षा १२ को ऐच्छिक नेपाली विषयका उद्देश्य

**साधारण उद्देश्य**

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् -

क) नेपाली साहित्यको उन्नतिका निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न,

ख) साहित्यक चर्चा, परिचर्चा, लेखन कार्यहरूमा सहभागी भई आफ्ना दृष्टिकोणहरू व्यक्त गर्न,

ग) भाषिक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता र सुन्दरताप्रति अभिप्रेरित हुन,

घ) निर्धारित कविता, काव्य र नाटक एकाङ्कीहरूको अध्ययनबाट कविता, काव्य र नाटक, एकाङ्कीहरूको लेखन क्षमताको विकास गर्न ।

**विशिष्ट उद्देश्य**

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरू निम्न लिखित कुराहरूमा सक्षम हुनेछन् -

क) नेपाली कविता, काव्य र नाटक एकाङ्कीको विकासक्रमको सामान्य परिचय दिन,

ख) निर्धारित रचनाका रचनाकारहरूको सामान्य परिचय दिन,

ग) निर्धारित कविता, काव्य र नाटक, एकाङ्कीहरूको विभिन्न कोणबाट विवेचना गर्न ,

घ) नेपाली साहित्यको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा स्पष्ट पार्न ।

### ३.३.२ विधाको क्षेत्र र क्रम

कक्षा १२ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रमले विधागत क्षेत्र र क्रमलाई यसरी समेटेको छ -

**खण्ड (क) नेपाली कविता**

१. कविताको परिचय (परिभाषा र तत्त्वहरू)

२. नेपाली कविताको विकासक्रम (प्रमुख चरण र प्रवृति)

३. नेपाली कविहरूको परिचय र तिनका कविताहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या ।

| कवि | कविता |
|---|---|
| क) भानुभक्त आचार्य | प्रश्नोत्तर |
| ख) मोतीराम भट्ट | मलाई हिजोसम्म क्या क्या छकाए |
| ग) लेखनाथ पौड्याल | हिमाल |
| घ) धरणीधर कोइराला | साहित्य सुधा |
| ङ) बालकृष्ण सम | म पनि द्यौता मान्छु |
| च) लक्ष्मीप्रसाद देवकोटा | भिखारी |
| छ) सिद्धिचरण श्रेष्ठ | ओखलढुङ्गा |

| | |
|---|---|
| ज) गोपाल प्रसाद रिमाल | आमाको सपना |
| झ) माधव प्रसाद घिमिरे | नवयुवक |
| ञ) केदारमान व्यथित | सिपाही |
| ट) अगमसिंह गिरी | नचिनिने भएछौ |
| ठ) भूपि शेरचन | मैनवत्तिको शिखा |
| ड) विजय मल्ल | छोरीलाई मान चित्र पढाउँदा |
| ढ) मोहन कोईराला | सारङ्गी |
| ण) भारत राज पन्त | मेघ विगुली विवाह |
| त) हरिभक्त कटुवाल | यो जिन्दगी खै के जिन्दगी |
| थ) दिनेश अधिकारी | हट् घोडा हट् |

## खण्ड 'ख' नेपाली खण्डकाव्य

१) खण्डकाव्यको परिचय,

२) खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद र सिद्धिचरण श्रेष्ठ,

३) विभिन्न कोणबाट मुनामदन, राष्ट्रनिर्माता र आँसु खण्डकाव्य विवेचना,

४) उल्लिखित खण्डकाव्यहरूका मार्मिक पङ्क्तिहरूको व्याख्या ।

## खण्ड 'ग' नेपाली नाटक

१) नाटकको परिचय (परिभाषा र तत्त्वहरू ),

२) नेपाली नाटकको विकासक्रम ( प्रमुख चरण र प्रवृतिहरू ),

३) नाटककार बालकृष्ण सम, भिमनिधि तिवारी र बिजय मल्ल तथा उनका विशेषता,

४) विभिन्न कोणबाट मुकुन्द-इन्दिरा, माटोको माया र कोही किन बर्बाद होस नाटकको विवेचना,

५) उल्लिखित नाटकहरूका मार्मिक पङ्क्तिहरूको व्याख्या ।

## खण्ड 'ख' नेपाली एकाङ्की

१) एकाङ्कीको परिचय (परिभाषा र तत्त्वहरू ),

२) निर्धारित एकाङ्कीकारहरू र उनका विशेषता ,

३) विभिन्न कोणबाट निम्नलिखित एकाङ्कीहरूको विवेचना,

| एकाङ्कीकार | एकाङ्की |
|---|---|
| क) हृदय चन्द्र सिंह प्रधान | खैराँती मास्टर |
| ख) गोविन्द बहादुर मल्ल गोठाले | म कसरी हार्छु |
| ग) फणीन्द्रराज खेताला | फ्युज गएको इज्जत |
| घ) मनबहादुर मुखिया | अँध्यारोमा बाँच्नेहरू |

४. उल्लिखित एकाङ्कीहरूका मार्मिक पङ्क्तिहरूको व्याख्या ।

**खण्ड (ङ) नेपाली साहित्यको इतिहास**

१. नेपाली साहित्यको काल विभाजन,

२. प्राथमिक कालको चिनारी (प्रमुख धाराका विशेषता समेत),

३. माध्यमिक कालको चिनारी (प्रमुख धाराका विशेषता समेत),

४. आधुनिक कालको चिनारी (प्रमुख धारा र तिनका विशेषता),

## ३.३.३ विधाको स्पष्टीकरण

कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमले साहित्यका गद्य एवम् पद्य दुवै विधाहरूलाई समेट्नुका साथै नेपाली साहित्य एवम् समालोचनाका विषयवस्तुलाई पनि समेटेको छ । यस पाठ्यक्रममा विभिन्न साहित्यकारहरूका कविता, खण्डकाव्य, नाटक, एकाङ्कीहरूका साथसाथै नेपाली साहित्यको इतिहास र समालोचनासम्बन्धी विषयवस्तुहरू समावेश भएका छन् । उच्च माध्यमिक तहको दोस्रो वर्षको अध्ययन गरी विद्यार्थीहरूलाई उच्च शिक्षाको लागि अभिमुख गराउनुका साथै यस पाठ्यक्रममा समाविष्ट विधा र विषयवस्तुको अध्ययन गरी साहित्य सिर्जना गर्न प्रेरित गर्नु नै यस पाठ्यक्रमको प्रमुख उद्देश्य रहेको छ । यस पाठ्यपुस्तकमा समाविष्ट कविता र खण्डकाव्यको अध्ययन गरी विद्यार्थीहरूलाई जानकारी मिल्नेछ । नाटक र एकाङ्की साहित्यका दृश्य विधा भए पनि कक्षागत हिसाबले हेर्दा पाठ्य विधाको रूपमा नै परिचित छन् । यी विधाहरूको पठनपाठनपछि विद्यार्थीहरूमा मनोरञ्जन प्राप्त हुनुका साथै यस्ता विषयवस्तुको सिर्जना गर्न सक्ने क्षमता पनि बृद्धि हुन्छ । त्यसैगरी नेपाली साहित्यको इतिहास अन्तर्गत साहित्यको प्राथमिक कालदेखि हालसम्मको गद्य एवम् पद्य साहित्यको इतिहास पर्ने हुँदा यससम्बन्धी बिस्तृत ज्ञान विद्यार्थीहरूले आर्जन गर्न सक्दछन् । त्यस्तै समालोचना अन्तर्गत समालोचनालाई परिचय, परिभाषा, विकासक्रम एवम् प्रकारबारे सामान्य जानकारी दिने उद्देश्य पाठ्यक्रमको रहेको छ । यी सम्पूर्ण विषयवस्तुको अध्ययन गरी विद्यार्थीहरूलाई उच्च शिक्षाको आधार निर्माण गर्नमा यस पाठ्यक्रमबाट विशेष सहयोग मिलेको छ ।

## घ) विधागत अङ्क र पाठ्यभार

कक्षा १२ को ऐच्छिक नेपाली विषयलाई १०० पूर्णाङ्क तोकिएको छ । यसमा पाठ्यक्रमले निर्देश गरे बमोजिम नेपाली कविता नाटक र साहित्यको इतिहास आदि सम्बद्ध विषयहरूमाथि चर्चा गरिएको छ । त्यसका साथै तिनको सैद्धान्तिक परिचय, विकासक्रम र निर्धारित साहित्यकारहरूको परिचय, प्रवृति एवम् तिनका रचनाहरूको आवश्यक विश्लेषण समेत प्रस्तुत गरिएको छ । यस पाठ्यक्रमले पनि कक्षा ११ को जस्तै विभिन्न विधाहरूको पूर्णाङ्क एवम् पाठ्यभारलाई अलग-अलग तोकेको छ । १०० पूर्णाङ्क दिइएको यस ऐच्छिक

नेपालीलाई वार्षिक पाठ्यभार १५० घण्टी तोकिएको छ । जसमध्ये प्रत्येक विधालाई छुट्याइएको अङ्क र पाठ्भारलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

| क्र.सं. | विधा | अङ्क | पाठ्यभार |
|---|---|---|---|
| क) | नेपाली कविता | ३० | ४५ |
| ख) | नेपाली खण्डकाव्य | २० | ३० |
| ग) | नेपाली नाटक | २० | ३० |
| घ) | नेपाली एकाङ्की | २० | ३० |
| ङ) | नेपाली साहित्यको इतिहास | १० | १५ |
| | जम्मा | १०० | १५० |

## ३.४ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

विषयगत शिक्षण सिकाइमा पाठ्यक्रम पहिलो आधार हो भने पाठ्यपुस्तक यसैको निर्देशनमा तयार हुने दोस्रो आधार हो । शिक्षण प्रक्रियालाई एउटा निर्दिष्ट गोरेटोसम्म पुऱ्याउने कुरामा पाठ्यक्रमले मार्ग निर्देशन गर्दछ भने शिक्षणलाई उद्देश्य मूलक बनाउने र क्रमवद्ध रूपमा प्रस्तुत गर्ने साधनको रूपमा पाठ्यपुस्तक रहन्छ । पाठ्यक्रम तहगत शिक्षण क्रियाकलापको योजना हो भने त्यसको उद्देश्यहरूको परिपूर्तिका लागि नभई नहुने साधन पाठ्यपुस्तक हो । पाठ्यपुस्तकहरू मूलभुत रूपमा पाठ्यक्रमको एउटा प्रमुख तत्त्व विषयवस्तु माथि केन्द्रित रहेका हुन्छन् । पाठ्यक्रम शिक्षणमा किन, कसरी, के, कति जस्ता कुराहरूसँग सम्बन्धित हुन्छ भने पाठ्यपुस्तकमा पाठ्यक्रमका तिनै कुराहरूको जवाफलाई समेट्ने गरी विषयगत रूपमा बिस्तृत सामग्रीको सङ्कलन गरिएको हुन्छ । भाषा पाठ्यक्रमले प्रत्येक तहका कक्षाहरूमा भाषाका सीपहरू के कति सिकाउने, कसरी सिकाउने र कुन क्रममा सिकाउने भन्ने कुराको योजना प्रस्तुत गरेपछि त्यसको परिपूर्तिका लाग के कस्ता विकाहरू समेट्नु पर्दछ भन्ने सुझबुझका साथ विषयवस्तु वा विधाहरूको सङ्कलन पाठ्यपुस्तकमा गरिने हुनाले पाठ्यक्रम र पाठ्यपुस्तकका बीचमा घनिष्ट सम्बन्ध रहेको अनुभव गर्न सकिन्छ । यसका साथै उद्देश्य, विषयवस्तु एवम् मूल्याङ्कन प्रक्रियाका आधारमा पनि पाठ्यक्रम र पाठ्पुस्तकको सम्बन्धलाई देखाउन सकिन्छ ।

उद्देश्य पाठ्यक्रमको महत्वपूर्ण अङ्ग भएकोले यस भित्रका सम्पूर्ण क्रियाकलापहरू उद्देश्यकै माध्यमबाट पूर्ति हुन्छन् । सिकाइका उपलब्धिहरूलाई निश्चित गर्नका लागि गरिएका पाठ्यक्रमका उद्देश्यहरू तहगत, कक्षागत एवम् विषयगत आधारमा निर्धारित हुन्छन् । यस्ता उद्देश्यहरूमा शिक्षाका राष्ट्रिय उद्देश्यको छाया प्रतिबिम्बित हुनुपर्दछ । ज्ञानविज्ञानका क्षेत्रमा पाठ्यक्रमका उद्देश्यहरू त्यसैलाई निर्देशन गर्ने गरी चयन हुन्छन् भने

भाषापाठ्यक्रममा भाषिक सीपलाई महत्व दिएर उद्देश्यहरू तर्जुमा गरिन्छन् । पाठ्यक्रमका उद्देश्यहरू राखेर मात्र शैक्षिक उपलब्धि हासिल गर्न सकिदैन, यसका लागि व्यवस्थित पाठ्यपुस्तकको आवश्यकता पर्दछ । उद्देश्यहरूको परिपूर्ति गर्ने साधन भनेकै पाठ्यपुस्तक हो । यसको निर्माणमा विषयवस्तु राखियो भने यो पक्षमा विषयवस्तु र उद्देश्यका बीच बढी तालमेल रहनु पर्ने देखिन्छ ।

पाठ्पुस्तक निर्माताहरूका लागि पाठ्यक्रमका उद्देश्यहरू नै मार्गदर्शक मानिन्छन् । पाठ्यक्रममा भाषिक सीपलाई उद्देश्यहरूले गरेको सङ्केतका आधारमा पाठ्यपुस्तकमा विधाहरूको सङ्कलन गरिन्छ । पाठ्यक्रमका उद्देश्यको सीमाभित्र रही पाठ्यपुस्तक निर्माण गरिने र ती उद्देश्यहरू पूरा गर्ने माध्यम पाठ्यपुस्तक भएको हुनाले यिनका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

विषयवस्तुको छनोट पाठ्यक्रमको दोस्रो महत्वपूर्ण तत्त्व हो । उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित गरी पाठ्यवस्तु निर्धारण भएपछि विषयवस्तुको छनोट गरिन्छ । विषयवस्तु ज्ञान वा सीपहरूको अभ्यासका लागि आधार सामग्रीका रूपमा रहने हुँदा उद्देश्यहरूकै सेरोफेरोमा विषयवस्तुको छनोट गरिन्छ । विषयवस्तुको छनोट गर्दा त्यसको क्षेत्र र सङ्गठनात्मक क्रमलाई बिचार गरिन्छ । त्यसको क्षेत्र र क्रमको आधारमा विद्यालयमा उपलब्ध हुन सक्ने स्रोत र साधन एवम् विद्यार्थीको मनोविज्ञानजस्ता कुराहरूलाई ध्यान दिइन्छ । यसरी छनोट गरिएका विषयवस्तुको क्षेत्र र क्रमलाई सङ्गठित रूपमा व्यवस्थित गर्ने काम पाठ्यक्रम निर्माणले गर्दछ । पाठ्यक्रम निर्माण गर्दा छनोट गरिएका विषयवस्तुको क्षेत्र पारिवारिक भए सोही अनुसारको विधाको व्यवस्था गरिनेछ भने सामाजिक भए विधाको सङ्कलन पनि त्यही अनुरूप गरिन्छ । त्यस्तै नैतिक, पौराणिक, ऐतिहासिक, सामाजिक, वातावरणीय, प्राकृतिक, दार्शनिक आदि मध्ये जुन क्षेत्र छ सोही बमोजिमका विधा र तिनका पाठहरूको सङ्कलन पाठ्यपुस्तमा गरिन्छ । त्यसैगरी पाठ्यक्रममा व्यवस्था भएको विषयवस्तुको क्रमलाई पनि पाठ्यपुस्तक निर्माणमा ख्याल गरिन्छ । विधाका पाठहरूको सङ्कलन गरिसकेपछि तिनका अभ्यासहरू राख्दा यस कुरामा ध्यान दिइन्छ । विषयवस्तुको क्रम अनुसार यर्थात सरल-जटिल, ज्ञात-अज्ञात, विशिष्ट-सामान्य, मुर्त-अमूर्त आदि क्रमकै आधारमा विधाका पाठहरू र तिनको शिक्षण क्रमलाई व्यवस्थित गरिन्छ । यसरी विषयवस्तुको छनोट एवम् तिनको क्षेत्र र क्रमको सङ्गठनलाई हेरेर पाठ्यपुस्तक निर्माण गरिने र त्यसको निर्माणको क्रममा पनि पाठ्यपुस्तकको क्रम समेत मिलाइने हुँदा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध घनिष्ट रहेको अनुभव गर्न सकिन्छ ।

मूल्याङ्कन पाठ्यक्रमको अन्तिम तर अभिन्न अङ्ग मानिन्छ । यसमा समस्त शैक्षिक प्रक्रिया, कार्यक्रम प्रणाली, सिकाइको स्तर, कार्यक्रमको स्वरूप, उद्देश्य, विद्यार्थीको उपलब्धि आदिको जानकारी लिने काम गरिन्छ । यी कार्यक्रमहरू मध्ये जोसुकैको मूल्याङ्कनमा पनि परीक्षण समुह बनाउँदा सम्बन्धित विषयको पाठ्यपुस्तकलाई साधनका रूपमा लिनु पर्ने

हुन्छ । विद्यार्थीको उपलब्धि परीक्षण मूल्याङ्कनको महत्वपूर्ण पक्ष हो । पाठ्यक्रमले उद्देश्य अनुसार शिक्षण सिकाइमा विद्यार्थीले उपलब्धि हासिल गरे, गरेनन भन्ने कुराको अभिव्यक्ति, उद्देश्यहरूको स्तर, विषयवस्तुको छनोट, विधाको क्षेत्र र क्रम, पाठ्यपुस्तकको रखाइको तरिका, कक्षागत अङ्कभार, समयभार, पाठ्यभार, विधागत भार आदिको सङ्गठनात्मक एकरूपताबाट मात्र हुने भएकाले र मूल्याङ्कन प्रक्रियामा पनि यिनै कुरालाई आधार बनाइने हुनाले मुख्य स्रोत पाठ्यपुस्तक र तदनुरूप शिक्षण कार्यकलापलाई मानिने हुँदा पाठ्यक्रम र पाठ्यपुस्तकबीचको सम्बन्ध नङ र मासुको जस्तो रहेको कुरा प्रतीत हुन्छ । पाठ्यक्रम एक्लैले शिक्षण सिकाइका अपेक्षाहरू हासिल गर्न सक्दैन ।

शिक्षक, विद्यार्थी, शिक्षण गर्ने उपयुक्त स्थान, भवन, फर्निचर तथा विभिन्न पाठ्यसामग्रीहरूको संयुक्त प्रयासबाट पाठ्यक्रमका अपेक्षाहरू पूरा गर्न सकिन्छ । पाठ्यक्रमले निर्देशित गरेका उद्देश्य, तय गरेका विषयवस्तु वा पाठ्यवस्तु, सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया र व्यवस्थित गरिएका अन्य कुराहरूको सीमाभित्र बाँधिएर उपयुक्त एवम् स्तरयुक्त पाठ्यसामग्रीहरूलाई सङ्गठित, व्यवस्थित एवम् सुसिक्य हुने गरी निर्धारण क्रमाङ्कन, व्याख्यान तथा अभ्यास कार्यहरू प्रस्तुत गर्ने सबभन्दा भरपर्दो र आधिकारिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । विद्यार्थीहरूलाई पाठ्यक्रमको उद्देश्यअनुरूप पढ्न र अभ्यास गर्न तथा शिक्षकलाई योजनाबद्ध ढङ्गले शिक्षण गर्न र अभ्यास गराउन मद्दत पुर्‍याउने शिक्षण-सिकाइको अपरिहार्य सामग्रीका रूपमा पाठ्यपुस्तकलाई पाठ्यक्रमकै पूरक विकल्पका रूपमा पनि लिन सकिन्छ ।

यिनै चर्चाका माध्यमबाट पाठ्यपुस्तक र पाठ्यक्रमको सम्बन्ध कस्तो हुन्छ र हुनुपर्छ भन्ने कुराका बारेमा धारणा बनाउन सकिन्छ ।

# अध्याय-चार

# कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमको तुलनात्मक अध्ययन

## ४.१ उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

### ४.१.१ साधारण उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपालीको तुलना गर्दा साधारण उद्देश्यका आधारमा निम्न अनुसार राखिएको छ -

१. दुवै पाठ्यक्रमहरूले साधारण उद्देश्यअन्तर्गत ४-४ वटा उद्देश्यहरू निर्धारण गरेको छ ।

२. पहिलो उद्देश्यमा कक्षा ११ को पाठ्यक्रमले 'नेपाली भाषा र साहित्यको उन्नतिका निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न सक्नेछन्' भनिएको छ भने कक्षा १२ को पाठ्यक्रममा 'नेपाली साहित्यको उन्नति निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न सक्नेछन् ' भनिएको छ ।

३. दोस्रो उद्देश्यमा 'साहित्यिक चर्चा-परिचर्चा, लेखन कार्यहरूमा सहभागी भई आफ्ना दृष्टिकोणहरू व्यक्त गर्न सक्नेछन् ' भन्ने उद्देश्य दुवै पाठ्यक्रममा समान छ ।

४. तेस्रो उद्देश्य पनि दुवै पाठ्यक्रममा समान किसिमको निर्धारण गरिएको छ । जसमा 'भाषिक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता, सुन्दरताप्रति अभिप्रेरित हुन सक्नेछन् ' भन्ने कुरा उल्लेख गरिएको छ ।

५. चौथो उद्देश्यमा कक्षा ११ को पाठ्यक्रमले 'निर्धारित कथा उपन्यास र निबन्धहरूको अध्ययनबाट कथा, उपन्यास र निबन्धलेखन क्षमताको विकास गर्न सक्नेछन् ' भन्ने उद्देश्य राखेको छ भने कक्षा १२ मा 'कविता, काव्य र नाटक एकाङ्कीहरूको अध्ययनबाट कविता, काव्य र नाटक एकाङ्कीहरूको लेखन क्षमताको विकास गर्न सक्नेछन् ' भनिएको छ । यस उद्देश्यमा विधाहरू फरक भए पनि अरू कुरामा भने समानता पाइन्छ ।

६. कक्षा १२ को पाठ्यक्रमले नेपाली भाषा र साहित्यसम्बन्धी उद्देश्य समावेश गरेको छ भने कक्षा १२ को पाठ्यक्रममा भाषालाई छोडेर 'नेपाली साहित्यको विकास र उन्नतिका लागि सकारात्मक भावना अभिवृद्धि गर्नु ' भन्ने उद्देश्य राखिएको छ । यसमा भाषालाई पनि समावेश गर्न सकेमा उपयुक्त हुने थियो ।

७. दुवै पाठ्यक्रममा समाविष्ट साधारण उद्देश्यहरू विषयवस्तुको क्षेत्र र क्रमसँग मिल्दाजुल्दा नै छन् ।

### ४.१.२ विशिष्ट उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यक्रम (२०५६) ले विशिष्ट उद्देश्यहरू ५ वटा निर्धारण गरेको छ भने कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रम (२०५६) ले ४ वटा विशिष्ट उद्देश्य निर्धारण गरेको छ । पहिलो र दोस्रो विधा र विषयवस्तु फरक भए पनि समानता देखिन्छ भने त्यसपछिका उद्देश्यहरू फरक किसिमका राखिएका छन् । कक्षा ११ को पाठ्यक्रममा पहिलो उद्देश्यमा नेपाली कथा, उपन्यास र निबन्धको विकासक्रमको सामान्य परिचय दिन सक्नेछन् भनिएको छ भने कक्षा १२ को पाठ्यक्रममा नेपाली कविता, काव्य र नाटक एकाङ्कीहरूको विकासक्रमको सामान्य परिचय दिन सक्नेछन् भनिएको छ । यी दुवैलाई हेर्दा फरक-फरक विधाअनुसार उद्देश्य पूर्ति हुन सक्ने देखिन्छ ।

दोस्रो उद्देश्यमा निर्धारित रचनाका रचनाकारहरूको सामान्य परिचय दिन सक्नेछन् भनिएको छ । यो उद्देश्य दुवै पाठ्यक्रममा समान किसिमको उल्लेख गरिएको छ ।

तेस्रो उद्देश्यमा कक्षा ११ को पाठ्यक्रमले निर्धारित कथा, उपन्यास र निबन्धहरूको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्नेछन् भनी उल्लेख गरेको छ । यो उद्देश्यले समुचित पठन र विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्नेछन् भन्ने कुरालाई स्पष्ट नखुलाए पनि छोटकरीमा विभिन्न कोणबाट विवेचना गर्न सक्नेछन् भनेको छ । यो भन्दा पनि कक्षा १२ को पाठ्यक्रमले जस्तै सम्पूर्ण कुराहरू खुलस्त रूपमा तोकिदिएको भए अझ स्पष्ट हुने थियो ।

चौथो उद्देश्यमा कक्षा ११ को पाठ्यक्रमले नेपाली भाषाको ऐतिहासिक विकासक्रम, वर्तमान स्वरूप संरचना र यसका प्रयोजनपरक भेदको सामान्य परिचयात्मक वर्णन र विवेचना गर्ने सक्नेछन् भन्ने उद्देश्य राखेको छ भने कक्षा १२ को पाठ्यक्रममा नेपाली साहित्यको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा स्पष्ट पार्न सक्नेछन् भन्ने उद्देश्य राखिएको छ । यो । उद्देश्य दुवै पाठ्यक्रममा फरक रहेको अनुभव हुन्छ । यसअन्तर्गत नेपाली भाषाको परिचय, विकासक्रम, स्वरूप र संरचना तथा भेदहरूको सामान्य परिचय कक्षा ११ मा राखिएको छ भने यसमा भाषासम्बन्धी केही विषयवस्तु थप गरेर वा यस्तै भए पनि कक्षा १२ को पाठ्यक्रममा समावेश गरिएको भए विषयवस्तुको पुनरावृत्ति तथा विद्यार्थीहरूको ज्ञानको क्षेत्र बिस्तार गर्नमा सहयोग पुग्ने थियो । तर कक्षा १२ को पाठ्यक्रमले भाषासम्बन्धी विषयवस्तुलाई पटक्कै छोडेको अथवा बेवास्ता गरेको अनुभव हुन्छ ।

त्यसैगरी कक्षा ११ को पाठ्यक्रमको पाँचौ उद्देश्य र कक्षा १२ को पाठ्यक्रमको चौथो उद्देश्यमा साहित्यसम्बन्धी कुराहरू राखिएको छ । यसलाई हेर्दा दुवैका विषयवस्तुमा समानता छ भन्ने अनुभव गरिए पनि विषयवस्तुको क्षेत्रमा भिन्नता छ । कक्षा ११ को पाठ्यक्रमले नेपाली साहित्यको परिचय अन्तर्गत हेतु, प्रयोजन, शब्दशक्ति, रस, अलङ्कार र छन्दको सामान्य परिचय दिन सक्नेछन् भनेर तोकेको छ भने कक्षा १२ का पाठ्यक्रममा

साहित्यको सङ्क्षिप्त परिचय सहित यसको ऐतिहासिक रूपरेखा वा काल विभाजन गरी प्रमुख धारा र तिनका विशेषताहरू सम्मका कुरा समेटिएका छन् । समग्रमा भन्नु पर्दा यी दुवै पाठ्यक्रमका विशिष्ट उद्देश्यमा केही मात्रामा समानता देखा परे पनि भिन्नता नै रहेको छ भने कक्षा १२ को पाठ्यक्रमले विशिष्ट उद्देश्यको सङ्ख्या ४ वटा मात्रै राखेको छ । दुवै पाठ्यक्रमका दोस्रो र तेस्रो उद्देश्यहरू समान किसिमका छन् । कक्षा ११ को पाठ्यक्रमले नेपाली भाषाको परिचय, विकासक्रम आदिलाई समेटेको छ भने कक्षा १२ को पाठ्यक्रममा यी कुराहरू समावेश गरिएका छैनन् । कक्षा ११ मा कथा, उपन्यास र निबन्धहरू प्रमुख विधाका रूपमा रहेका छन् भने कक्षा १२ को पाठ्यक्रममा कविता, काव्य र नाटक एकाङ्कीहरू प्रमुख छन् । त्यसैगरी नेपाली साहित्यसम्बन्धी कुराहरू दुवैमा छन् र भित्री विषयवस्तुमा भिन्नता रहेको छ । दुवै पाठ्यक्रमका उद्देश्यहरू पाठ्यक्रम अनुरूप नै राखिएका छन् र मापनीयताका दृष्टिले पनि उपयुक्त नै देखिन्छन् । यी दुवै पाठ्यक्रमका साधरण र विशिष्ट उद्देश्यहरूको सङ्ख्यात्मक स्थिति यस्तो रहेको छ –

| पाठ्यक्रम | कक्षा | साधारण उद्देश्य | विशिष्ट उद्देश्य |
|---|---|---|---|
| उच्च माध्यमिक विद्यालय | ११ | ४ | ५ |
| पाठ्यक्रम २०५६ | १२ | ४ | ५ |

## ४.२ विधाको क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना

विद्याको क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना गर्दा कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यक्रम (२०५६) र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रम (२०५६) मा समावेश गरिएका विधाको क्षेत्र वा विषयवस्तुलाई तुलना गरिएको छ । यी दुवै पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुलाई तुलनात्मक रूपमा अध्ययन गर्दा दुवैमा फरक-फरक विषयवस्तु राखिएको पाईन्छ । कक्षा ११ को पाठ्यक्रममा कथा, उपन्यास, निबन्ध, नेपाली भाषा र साहित्य परिचय जस्ता विषयवस्तु समावेश गरिएका छन् भने कक्षा १२ को पाठ्यक्रममा नेपाली, कविता,खण्डकाव्य, नाटक, एकाङ्की र नेपाली साहित्यको इतिहास जस्ता विषयवस्तुहरू समावेश गरिएको पाइन्छ ।

कक्षा ११ को पाठ्यक्रमले विषयवस्तु वा विधाको प्रारम्भमा पाठ्य विषयको विवरण भनेर उल्लेख गरेको छ र त्यसपछि विधाको क्षेत्रको विवरण दिएको छ । खण्ड (कं) मा नेपाली कथालाई स्थान दिइएको छ । यसमा प्रत्येक विधाहरू लाई अलग-अलग खण्डमा विभाजन गरी सबैको पाठ्यभार र अङ्कभार समेत तोकिएको छ । कथा खण्डको लागि पहिलोमा कथाको परिचयअन्तर्गत परिभाषा र तत्त्वहरू भनेर राखिएको छ । दोस्रोमा आधुनिक नेपाली कथाको विकासक्रम अन्तर्गत कथाको काल विभाजन गरी त्यसका प्रवृति र चरणहरू समेत दिइएको छ । तेस्रोमा निर्धारित कथाकारहरूको परिचय र तिनका

कथाहरूको समान्य विवेचना सहित विशिष्ट पङ्क्तिहरूको व्याख्या भनेर राखिएको छ । यस पाठ्यक्रममा कथाहरूको सङख्या ९ वटा रहेको छ । जस अन्तर्गत गुरूप्रसाद मैनालीको 'नासो' कथा, विश्वेश्वर प्रसाद कोईरालाको 'दोषी चस्मा' कथा , रूपानारायण सिंहको 'बितेका कुरा', पुष्कर शमशेरको 'लोग्ने', गोबिन्द बहादुर मल्ल गोठालेको 'लक्ष्मीपूजा', रमेश विकलको 'लाहुरी भैंसी', इन्द्र बहादुर राइको 'जयमाया आफुमात्र लिखापानी आइपुगी' , माया ठकुरीको 'मृगतृष्णा' र परशु प्रधानको 'छिडीभरिको आकाश' आदि पर्दछन् भने कक्षा १२ को पाठ्यक्रममा खण्ड (क) मा नेपाली कविता भनेर राखेको छ । त्यसपछि पाठ्य विषयको विवरण भनी लेखिएको छैन र सीधै विषयवस्तु राखिएको छ । खण्ड (क) अन्तर्गत पहिलोमा कविताको परिचयभित्र परिभाषा र तत्त्वहरू समावेश गरेको छ । दोस्रोमा नेपाली कविताको विकासक्रममा प्रमुख चरण र प्रवृतिहरू दिइएका छन् । तेस्रोमा निर्धारित कविताहरूको परिचय र तिनका कविताहरूको सामान्य विवेचना सहित विशिष्ट पङ्क्तिहरूको व्याख्या भनेर राखिएको छ । यस पाठ्यक्रमले कविताहरूको सङ्ख्या १७ तोकेबाट कक्षा ११ को पाठ्यक्रमको तुलनामा दोब्बर विषयवस्तु समावेश गरेको अनुभव हुन्छ । पहिलो खण्डमा दुवै पाठ्यक्रमले अङ्क र पाठ्भार समान किसिमको राखेको भए पनि विषयवस्तुको सङ्ख्या कक्षा १२ को पाठ्यक्रममा बढी नै राखिएको छ । यस पाठ्यक्रममा समाविष्ट १७ वटा कविताहरूमा भानुभक्त आचार्यको 'प्रश्नोत्तर', मोतीराम भट्टको 'मलाई हिजोसम्म क्या-क्या छकाये', लेखनाथ पौड्यालको 'हिमाल', धरणीधर कोईरालाको 'साहित्य सुधा', बालकृष्ण समको 'म पनि द्यौता मान्छु', लक्ष्मीप्रसाद देवकोटाको 'भिखारी', सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा', माधवप्रसाद घिमिरेको 'नवयुवक', केदारमान व्यथितको 'सिपाही', अगमसिंह गिरीको 'नचिनिने भएछौं', भूपि शेरचनको 'मैनवत्तिको शिखा', विजय मल्लको 'छोरीलाई मानचित्र पढाउँदा', मोहन कोइरालाको 'सारङ्गी', भरतराज पन्तको 'मेघ विजुली विवाह', हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' , दिनेश अधिकारीको 'हट् घोडा हट्' आदि रहेका छन् । यसरी यी दुवै पाठ्यक्रमहरू लाई हेर्दा समान अङ्कभार र पाठ्भार दिइएकोमा कक्षा १२ को पाठ्यक्रमले ११ को भन्दा दोब्बर विषयवस्तु समावेश गरेको छ । यसलाई केही मात्रामा घटाएर राख्दा उपयुक्त होला किनभने यसमा कम समयमा धेरै विषयवस्तु अध्ययन गर्नुपर्ने हुँदा विद्यार्थीहरूको सिकाइको क्षेत्र अलि संकुचित हुनसक्छ ।

खण्ड (ख) मा कक्षा ११ को पाठ्यक्रमले नेपाली उपन्यासलाई स्थान दिएको पाईन्छ । यस खण्डअन्तर्गत कक्षा ११ को पाठ्यक्रले उपन्यासको परिचय (परिभाषा र तत्त्वहरू) दिएको छ । त्यस पछि आधुनिक नेपाली उपन्यासको विकासक्रम (प्रमुख प्रवृति र चरणहरू) , निर्धारत उपन्यासकारहरूको परिचय, उपन्यासहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्याजस्ता विषयवस्तुहरू समावेश गरेको पाईन्छ । उपन्यासहरूमा उपन्यासकार रूद्रराज पाण्डेको 'रूपमती' र लैनसिंह बाङ्गदेलको 'माइतघर' उपन्यास गरी दुइवटा उपन्यासहरू राखिएका छन् । भने कक्षा १२ को पाठ्यक्रममा खण्ड (ख) को नेपाली

खण्डकाव्यअन्तर्गत खण्डकाव्यको परिचय दिई विभिन्न खण्डकाव्यकारहरूको परिचय दिइएको छ । खण्डकाव्यहरूमा लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन', माधवप्रसाद घिमरेको 'राष्ट्रनिर्माता' र सिद्धिचरण श्रेष्ठको 'आँसु' खण्डकाव्य गरी तीन वटा खण्डकाव्यहरूका मार्मिक पङ्क्तिहरूको व्याख्या भन्ने शीर्षक दिइएको छ । यसबाट दुवै पाठ्यक्रममा समाविष्ट विषयवस्तु समान किसिमको भए पनि कक्षा ११ को भन्दा १२ को विषयवस्तुको क्षेत्र बढी रहेको अनुभव गर्न सकिन्छ ।कक्षा ११ को पाठ्यक्रममा २ वटा उपन्यासहरू राखिएका छन् । अरू कुराहरू दुवै पाठ्यक्रममा समान किसिमका नै छन् ।

खण्ड (ग) मा कक्षा १ को पाठ्यक्रमले नेपाली निबन्ध राखेको छ भने कक्षा १२ को पाठ्यक्रमले नेपाली नाटक राखेको छ । नेपाली निबन्धअन्तर्गत कक्षा ११ को पाठ्यक्रमले निबन्धको परिचय (परिभाषा र तत्त्वहरू) , नेपाली निबन्धको विकासक्रम (प्रमुख प्रवृति र चरणहरू), निर्धारत निबन्धकारहरूको परिचय र निबन्धहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या दिइएको छ । पाठ्य निबन्धहरूमा लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन', ह्रदयचन्द्र सिंह प्रधानको 'जुँगा', केशवराज पिंडालीको 'खै-खै', रामकृष्ण शर्माको 'सगरमाथामा तेन्जिङ', शङ्कर लामिछानेको औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा', अच्छा राई 'रसिक' को 'भूँडी', श्यमप्रसाद शर्माको 'एक घण्टा बिताउन', ताना शर्माको 'राष्ट्रियताको ज्योति हुलाक घर', भैरव अर्यालको 'अमरावती कान्तिपुरी नगरी', गरी जम्मा ९ वटा निबन्धहरू राखिएका छन् भने कक्षा १२ को पाठ्यक्रमले नेपाली नाटक अन्तर्गत खण्ड (ग) मा नेपाली नाटकको परिचय (परिभाषा र तत्त्वहरू) , नेपाली नाटकको विकासक्रम (प्रमुख चरण र प्रवृतिहरू) राखेको छ र नाटकहरूमा नाटककार बालकृष्ण समको 'मुकुद इन्दिरा' भीमनीधि तिवारीको 'माटाको माया' र बिजय मल्लको 'कोही किन बरबाद होस' गरी ३ वटा नाटकहरू समावेश गरेको छ । यसका साथै विभिन्न कोणवाट नाटकहरूको विवेचना गरी उल्लिखित नाटकहरूका मार्मिक पङ्क्तिहरूको व्याख्या जस्ता विषयवस्तु पनि यसमा समावेश भएको पाईन्छ । हुनत नाटक निबन्धभन्दा ठूलो विधा मानिन्छ तर पनि सङ्ख्यात्मक रूपमा हेर्दा खेरी कक्षा ११ को पाठ्यक्रमले नाटकको सङ्ख्या भन्दा ३ गुना बढी रहेको पाईन्छ । नाटकहरू ३ वटा राखिएको छन् भने निबन्धहरू ९ वटा राखिएका छन् । यी दुवै पाठ्यक्रममा समान सङ्ख्यामा नराखे पनि कक्षा ११ को पाठ्यक्रममा केही हेरफेर गर्नु भने आवश्यक मानिन्छ । यस अध्ययनबाट तेस्रो खण्डमा पनि दुवै पाठ्य विषयवस्तुबीच ठूलो अन्तर रहेको पाईन्छ ।

खण्ड "घ" मा कक्षा ११ को पाठ्यक्रममा नेपाली भाषासम्बन्धी विषयवस्तु राखिएको छ भने कक्षा १२ को पाठ्यक्रममा नेपाली एकाङ्की राखिएको छ । दुवै पाठ्यक्रमले यस खण्डमा पनि समान पाठ्यभार र अङ्कभार राखेको छ । कक्षा ११ को पाठ्यक्रमले नेपाली भाषा अन्तर्गत सर्वप्रथम भाषाको परिचयमा भाषाका विशेषता, भाषिक व्यवस्था (वर्ण, व्याकरण, अर्थ, शब्दभण्डार) र भाषिक अध्ययन (ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक) लाई

समेटेको छ । त्यसपछि नेपाली भाषाको इतिहास र नेपाली भाषाको स्वरूपमा उच्चारण व्यवस्था (स्वर, व्यञ्जन र अक्षर प्रणाली) व्याकरण व्यवस्था (शब्दनिर्माण, रूप, शब्द र वाक्य) लाई स्थान दिएको छ । त्यसपछिको क्रममा नेपाली भाषाका भाषिकाहरू, नेपाली कथ्य र लेख्य भाषा, सामान्य नेपाली र साहित्यक नेपाली, ज्ञान विज्ञानको नेपाली ( प्रयोजनपरक भेदहरू, पारिभाषिक शब्दावली, र वाक्यगठन) र नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय जस्ता विषयवस्तुहरूलाई क्रमशः राखिएको पाइन्छ । यसैगरी कक्षा १२ को पाठ्यक्रममा समावेश नेपाली एकाङ्की अन्तर्गत एकाङ्कीको परिचय (परिभाषा र तत्त्वहरू), निर्धारित एकाङ्कीकारहरू र उनका विशेषता, विभिन्न कोणबाट निम्न लिखित एकाङ्कीहरूको विवेचना जस्ता कुराहरू समावेश छन् । पाठ्य एकाङ्कीहरूमा हृदय चन्द्र सिंह प्रधानको 'खैराती मास्टर' , गोविन्द बहादुर मल्ल गोठाले को 'म कसरी हार्छु', फणीन्द्रराज खेतालाको 'फ्यूज गएको इज्जत' र मन बहादुर मुखियाको 'अँध्यारोमा बाँच्नेहरू' गरी ४ वटा एकाङ्कीहरूका साथै यिनका मार्मिक पङ्क्तिहरूको व्याख्या दिइएको छ । यसमा पनि कक्षा १२ को पाठ्यक्रम भन्दा कक्षा ११ को पाठ्यक्रममा समाविष्ट विषयवस्तु बढी नै रहेको पाइन्छ । यसमा भाषाका सम्बन्धमा दिइएको विषयवस्तु पाठ्य एकाङ्कीहरू भन्दा धेरै रहेको हुँदा यसमा पनि केही हेरफेर गर्नु पर्ने कुरा आवश्यक मानिन्छ ।

खण्ड 'ङ' मा कक्षा ११ को पाठ्यक्रमले साहित्य परिचय नामक शीर्षक राखेको छ भने कक्षा १२ को पाठ्यक्रममा नेपाली साहित्यको इतिहास भनेर शीर्षक दिइएको छ । साहित्य परिचय अन्तर्गत कक्षा ११ को पाठ्यक्रमले साहित्यको परिभाषा, हेतु र प्रयोजन, साहित्यको विधागत वर्गीकरण (सामान्य परिचय), शब्दशक्ति-अभिधा, लक्षणा र व्यञ्जनाको सामान्य परिचय, रसको परिचय र नवरसको सोदाहरण परिचय अलङ्कारको परिचय र अनुप्रास, यमक, श्लेष, उपमा, रूपक, दृष्टान्त, अलङ्कारको सामान्य परिचय छन्दको परिचयका साथै अनुष्टुप, उपजाति, मन्दाक्रान्ता, शिखरिणी, शार्दुलविक्रीडित, झ्याउरे र मुक्तलय (गद्य कवितामा प्रयुक्त) को पहिचान जस्ता विषयवस्तु क्रमशः राखिएका छन् । कक्षा १२ को पाठ्यक्रममा नेपाली साहित्यको इतिहास अन्तर्गत खण्ड (ङ) मा सर्वप्रथम नेपाली साहित्यको कालविभाजन (सामान्य परिचय मात्र), प्राथमिक कालको चिनारी (प्रमुख धाराका विशेषता सहित), माध्यमिक कालको चिनारी (प्रमुख धाराका विशेषता सहित) आधुनिक कालको चिनारी (प्रमुख धारा र तिनका विशेषता) लाई क्रमशः राखिएको छ । यस प्रकार दुवै पाठ्यक्रमहरूको विधागत अध्ययन गर्दा दुवैमा बराबर विधाहरू समावेश छन् । कक्षा ११ को पाठ्यक्रमको तुलनामा कक्षा १२ को पाठ्यक्रमले कवितामा विधामा धेरै कविताहरू समावेश गरेको छ भने अरू विधाहरू मा कक्षा ११ को पाठ्यक्रममा नै बढी विषयवस्तु समावेश गरिएको पाइन्छ । दुवै पाठ्यक्रमले पाठ्य विषयवस्तुको अन्त्यमा पाठ्य तथा सहायक पुस्तकहरूको सूची दिएका छन् । जसमध्ये कक्षा १२को पाठ्यक्रममा रहेका सहायक पुस्तकहरू बढी जसो साझा प्रकाशनका रहेका छन् भने कक्षा ११ को पाठ्यक्रममा

साझा प्रकाशनका साथै अन्य प्रकाशनका पुस्तकहरू पनि समाविष्ट छन् । यी पाठ्यक्रमहरूका लागि पूर्ण रूपमा आधारित भएर प्रकाशित भएका पाठ्यपुस्तकको अभावमा यति धेरै सहायक पुस्तकहरूलाई आधार मान्नु परेको अनुभव हुन्छ । कक्षा ११ को पाठ्यक्रममा समाविष्ट सहायक पुस्तकहरूको सङ्ख्या १४ रहेको छ भने कक्षा १२ मा ११ पुस्तकहरूलाई सन्दर्भ पुस्तकमा राखिएको छ । यसरी विविध विधाहरूको संयोजन गरी उच्च माध्यमिक विद्यालय पाठ्यक्रम कक्षा ११ र १२ तयार पारिएका छन् ।

यी दुई पाठ्यक्रममा समावेश गरिएका विधाहरूलाई निम्नलिखित तालिकाद्वारा अझ स्पष्ट पार्न सकिन्छ -

| क्र.सं. | कक्षा ११ को पाठ्यक्रममा समाविष्ट विधाहरू | कक्षा १२ को पाठ्यक्रममा समाविष्ट विधाहरू |
|---|---|---|
| १ | नेपाली कथा | नेपाली कविता |
| २ | नेपाली उपन्यास | नेपाली खण्डकाव्य |
| ३ | नेपाली निबन्ध | नेपाली नाटक |
| ४ | नेपाली भाषा | नेपाली एकाङ्की |
| ५ | साहित्य परिचय | नेपाली साहित्यको इतिहास |

## ४.३ अङ्कभार र पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना

यस शीर्षकमा दुवै पाठ्यक्रमले तोकेको अङ्कभार र पाठ्यभारका बीचमा तुलना गरिएको छ । कक्षा ११ र १२ को ऐच्छिक नेपाली विषयलाई पूर्णाङ्क र पाठ्यभारका आधारमा हेर्ने हो भने दुवै पाठ्यक्रमलाई १००/१०० पूर्णाङ्क दिइएको छ । दुवैको साप्ताहिक पाठ्यभार ६ घण्टी तोकिएको छ । यी दुवै पाठ्यक्रमहरूलाई विद्यागत आधारमा पनि अलग-अलग गरेर अङ्क र पाठ्यभार दिइएको छ । जसअन्तर्गत कक्षा ११ मा रहेका नेपाली कथालाई अङ्क ३० र पाठ्यभार ४५, नेपाली उपन्यासलाई अङ्क २० र पाठ्यभार ३०, नेपाली निबन्धलाई अङ्क २० र पाठ्यभार ३०, नेपाली भाषालाई अङ्क २० र पाठ्यभार ३० तथा साहित्य परिचयलाई अङ्क १० र पाठ्यभार १५ तोकिएको छ । यस पाठ्यक्रमको पूर्णाङ्क १०० र पाठ्यभार १५० घण्टी रहेको छ भने कक्षा १२ को पाठ्यक्रममा पनि विषयवस्तुलाई पूर्ण रूपमा हेर्ने हो भने १०० पूर्णाङ्क र १५० घण्टी पाठ्यभार रहेको छ । विधागत आधारमा हेर्दा यस पाठ्यक्रमले नेपाली कवितालाई अङ्क ३० र पाठ्यभार ४५, नेपाली खण्डकाव्यलाई अङ्क २० र पाठ्यभार ३०, नेपाली नाटकलाई अङ्क २० र पाठ्यभार ३०, नेपाली एकाङ्कीलाई अङ्क २० र पाठ्यभार ३० तथा नेपाली साहित्यको इतिहासलाई अङ्क १० र पाठ्यभार १५ निर्धारण गरेको छ । यी दुवै पाठ्यक्रममा रहेका विधाहरू फरक-फरक भए पनि सबैमा पाठ्यभार र अङ्कभार मिलेको छ ।

दुवै पाठ्यक्रमको अङ्कभार र पाठ्यभारलाई निम्न तालिकाका माध्यमबाट अझ स्पष्ट पार्न सकिन्छ ।

| क्र.सं. | कक्षा ११ को पाठ्यक्रमका विधा | कक्षा १२ को पाठ्यक्रमका विधा | अङ्कभार | पाठ्यभार |
|---|---|---|---|---|
| १ | नेपाली कथा | नेपाली कविता | ३० | ४५ |
| २ | नेपाली उपन्यास | नेपाली खण्डकाव्य | २० | ३० |
| ३ | नेपाली निबन्ध | नेपाली नाटक | २० | ३० |
| ४ | नेपाली भाषा | नेपाली एकाङ्की | २० | ३० |
| ५ | साहित्य परिचय | नेपाली साहित्यको इतिहास | १० | १५ |
| | जम्मा | | १०० | १५० |

उपयुक्त अध्ययनबाट यी दुवै पाठ्यक्रमले विधाहरूको अङ्कभार र पाठ्यभार छुट्याइएको पाइन्छ । दुवै पाठ्यक्रमको पूर्णाङ्क १०० र पाठ्यभार १५० घण्टी रहेको स्पष्ट हुन्छ र दुवै पाठ्यक्रमले साप्ताहिक पाठ्यभार भने ६ घण्टी नै तोकेको छ ।

## ४.४ शिक्षण सामग्रीका आधारमा पाठ्यक्रमको तुलना

यस शीर्षकमा शिक्षण सामग्रीलाई आधार बनाएर कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रमको तुलना गरिएको छ । यी दुवै पाठ्यक्रममा शिक्षण सामग्री भनेर कुनै शीर्षक उल्लेख गरिएको छैन । ऐच्छिक नेपालीका लागि तयार पारिएका पाठ्यपुस्तक र पाठ्यक्रममा उल्लेखित पाठ्य तथा सहायक पाठ्यपुस्तकहरू नै यी दुवै कक्षाका मुख्य शिक्षण सामग्री हुन । कक्षाकोठामा प्रयोग गरिने सामान्य चक, डस्टर, कालोपाटी, व्याख्यान टिपोटका नमुना आदि पनि शिक्षण सामग्री नै हुन् । उच्च माध्यमिक तहको पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सहायक सामग्रीका रूपमा उच्च माध्यमिक शिक्षण निर्देशिका तथा विभिन्न विषयका गाइडहरू पनि प्रकाशित भएका छन् । यस तहको परीक्षा संचालनको लागि विभिन्न विषयका प्रश्नपत्र निर्माण गर्न नमुना प्रश्नपत्र पनि तयार पारिएका छन् ।

यी पाठ्यक्रमहरूलाई हेर्दा शिक्षण सामग्रीलाई उल्लेख नगरिएकाले शिक्षण सामग्री जस्ता प्रभावकारी सामग्रीलाई महत्व नदिएको पाइन्छ । शिक्षण सामग्रीले प्रभावकारी सामग्रीको रूपमा भूमिका निर्वाह गरी सिकाईलाई महत्वपूर्ण प्रभाव पार्दछ भन्ने कुरामा ध्यान दिई पाठ्यक्रममा समावेश गर्नु आवश्यक हुन्छ । शिक्षण सामग्रीको सम्बन्धमा यी दुवै पाठ्यक्रममा कुनै कुरा उल्लेख नभएकोले दुवै पाठ्यक्रम यस विषयमा मौन रहेको स्पष्ट

हुन्छ । नेपाली भाषा सिकाइ प्रत्येक व्यक्तिले पहिलो वा दोस्रो भाषाका रूपमा सिक्नु पर्ने आवश्यकता रहेकोले यी दुई पाठ्यक्रम पनि सिकाइका लागि महत्वपूर्ण नै मानिएका छन् । यी दुवै पाठ्यक्रमले नेत्रहीन तथा बहिरा विद्यार्थी र शिक्षकको पठनपाठनका निम्ति अत्यावश्यक पर्ने ब्रेल लिपि तथा साङ्केतिक भाषामा लेखिएका पाठ्यपुस्तक तथा सन्दर्भसामग्रीहरू निर्माण गर्नु पनि आवश्यक देखिन्छ । पाठ्यक्रममा उल्लेख नगरिए पनि विषयवस्तुसँग उपयुक्त हुने शिक्षण सामग्रीका माध्यमबाट शिक्षण सिकाइ गर्नु शिक्षक र विद्यार्थीको कर्तव्य नै हो । उच्च माध्यमिक तहका विभिन्न अनिवार्य तथा ऐच्छिक विषयहरूमा फरक-फरक किसिमका शिक्षण सामग्रीको प्रयोग गर्नु पर्ने हुन्छ । यस तहको कक्षा ११ मा अध्ययन गराइने अनिवार्य नेपाली र ऐच्छिक नेपालीका लागि प्रयोग गरिने शिक्षण सामग्रीहरू विशेष गरेर मिल्ने खालका नै हुन्छन् । ऐच्छिक विषयका रूपमा पाठ्यक्रममा राखे पनि यिनलाई भाषा विषय नै मानिएको छ । यी विषयहरूका पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित सामग्रीहरूलाई प्राथमिकताका साथ पाठ्यक्रममा समावेश गर्नु आवश्यक देखिन्छ -

क) श्रव्य सामग्री : रेडियो, टेपरिकर्डर, ग्रामोफोन, टेलिफोन,

ख) दृश्य सामग्री : कालोपाटी, गोजी तालिका, पत्ती, फिल्मस्ट्रीप,

ग) श्रव्य दृश्य सामग्री : चलचित्र, टेलिभिजन, भिडियो, नाटक,

घ) मौखिक सामग्री : प्रश्नोत्तर, उदाहरण, छलफल,

ङ) स्पर्श सामग्री आदि ।

पाठ्यक्रममा शिक्षण सामग्रीका बारेमा केही कुरा उल्लेख नगरिए पनि शिक्षण सिकाइका लागि कुनै न कुनै सामग्रीलाई आधार बनाउनु आवश्यक हुन्छ । उपर्युक्त सामग्रीहरूलाई अरू विषयका शिक्षण सिकाइका लागि प्रयोग गरिने हुँदा नेपाली विषयका पाठ्यक्रमका लागि पनि यिनै सामग्रीलाई प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ । तल्ला कक्षाहरूका तुलनामा उच्च कक्षाहरूमा शिक्षण गर्दा व्याख्यान टिपोट नमुनाहरूलाई बढी जसो उपयोग गरिएको पाइन्छ ।

## ४.५ शिक्षण विधि/प्रक्रियाका आधारमा पाठ्यक्रमको तुलना

शिक्षण विधि वा प्रक्रियाका सम्बन्धमा यी दुवै पाठ्यक्रममा कुनै कुरा उल्लेख गरिएको छैन् । पाठ्यक्रममा उल्लेख नगरिए पनि शिक्षण गर्ने बेला शिक्षकले कुनै न कुनै विधि वा प्रक्रिया अवलम्वन गर्नु अवाश्यक हुन्छ । यसका लागि विविध विधाहरूको संयोजनबाट बनेका पाठ्यक्रमहरूमा विधापिच्छे शिक्षण विधि वा प्रक्रिया पनि फरक-फरक हुने गर्दछ । उच्च माध्यमिक कक्षाहरूमा प्रत्येक विधाहहरूको शिक्षण निम्न प्रक्रियाबाट हुने गरेको पाइन्छ ।

क) कथा :

कथा शिक्षण गर्दा सर्वप्रथम कथाको परिचय, परिभाषा तथा यसका तत्त्वहरूका बारेमा जानकारी गराइन्छ । त्यसपछि पाठ्य कथाका कथाकारको परिचय दिइन्छ र अनि मात्रै कथाको विषयवस्तु तर्फ लाग्नु पर्ने हुन्छ । कथा शिक्षणको क्रममा कथानक/कथावस्तु, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली, शीर्षकको सार्थकता आदि कुराहरूलाई क्रमशः अगाडि बढाउदै जानु पर्ने हुन्छ ।

ख) कविता :

काव्य/कविता विधाको शिक्षण गर्दा पनि सुरूमा कथा विधाको जस्तै प्रक्रिया अवलम्बन गरेर शिक्षण सिकाइ कार्य थालिन्छ । कविताको परिचय, परिभाषा र तत्त्वहरूको जानकारी पछि पाठ्य कविताको कवि परिचय, कविताको लय वाचन, शब्दार्थ र त्यसपछि मात्र यसको मूलभाव वा अर्थ स्पष्ट हुन सक्छ । त्यसैगरी कविताको भाषाशैली, लय र संरचना, शीर्षकको सार्थकताजस्ता कुराहरूका माध्यमबाट शिक्षण गरी कविता विधालाई विद्यार्थी माझ स्पष्टसँग शिक्षण प्रक्रिया अगाडि बढाउनु उपयुक्त मानिन्छ ।

ग) उपन्यास :

उपन्यासको शिक्षण प्रक्रियाका लागि पनि कथाको जस्तै शिक्षण विधिहरूको प्रयोग गरिन्छ । उपन्यास एक वृहत विधा भएकाले यसको विषयवस्तु पनि कथाको भन्दा ठूलो हुन्छ । जे जस्तो भए पनि यसमा कथाको जस्तै कथावस्तु/कथासार, उपन्यासको संरचना, चरित्रचित्रण, पर्यावरण/परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु, शीर्षकको सार्थकता जस्ता कुराहरूलाई घटनाक्रम अनुसार क्रमवद्ध रूपमा प्रस्तुत गरी अन्तमा निष्कर्ष दिनुपर्दछ ।

घ) निबन्ध :

कुनै विषयमा आत्मपरक वा वस्तुपरक ढङ्गले स्वतन्त्र बिचार दिन सक्षम बनाउनु यस विधाको मुख्य उद्देश्य रहेको छ । यो विधाको शिक्षण गर्दा विवरणात्मक, समीक्षात्मक एवम् व्याख्यात्मक विधि अपनाउनु उपयुक्त हुन्छ । निवन्धका लागि आवश्यक पर्ने विषयवस्तु, उद्देश्य र शैलीजस्ता तत्त्वहरूलाई पनि स्पष्ट पारिदिनुपर्दछ ।

**ङ) नाटक/एकाङ्की :**

यी विधाहरूको उद्देश्य कुनै विषयवस्तुमा अभिनय गर्नु, उच्चारण गर्नु, वाचनकला आदिको विकास गर्नु भएकाले यी विधाहरूमा विद्यार्थीहरूलाई सक्षम बनाउने शिक्षण प्रक्रिया यसमा गर्नु पर्ने हुन्छ ।

**च) नेपाली भाषा र साहित्य :**

यी विधाहरूको प्रमुख उद्देश्य नेपाली भाषा र साहित्यसम्बन्धी सामान्य कुराहरूमा दक्षता प्रदान गर्नु हो । जसका लागि भाषा र साहित्यको परिचय, विकासक्रम आदि कुराहरू जान्नुपर्ने हुन्छ । यिनै कुराहरूका आधारमा शिक्षण प्रक्रिया अवलम्वन गरी भाषा र साहित्य शिक्षण गर्नु उपयुक्त मानिन्छ ।

भाषापाठ्यक्रममा राखिएका सामग्रीहरू शिक्षण गर्न भाषिक सीपहरूलाई ख्याल गर्नुपर्ने हुँदा शिक्षण प्रक्रियामा एकैखाले शिक्षण विधि उपयुक्त हुँदैन । एउटै शिक्षण विधिका माध्यमबाट शिक्षण गर्दा सिकाइ प्रभावकारी हुन सक्दैन् । जसका कारणले उद्देश्य अनुसारका भाषिक सीप र ज्ञान प्राप्त गर्न कठिनाई पर्दछ । भाषाका लागि छनोट भएका पाठ्यसामग्री मध्ये विद्या र व्याकरणका कुराहरू पर्दछन् । तिनीहरूलाई एकै किसिमले शिक्षण गर्न सकिदैन । विद्या अनुसारको शिक्षण विधि फरक फरक हुन्छ । पाठ्यक्रममा विधा अनुसार शिक्षण विधि, भाषिक कुशलताहरू र प्रयोग गरिने सामग्रीहरूलाई सङ्केत गर्नु पर्ने हुन्छ । यी आधारहरूलाई हेर्दा कक्षा ११ र कक्षा १२ का दुवै पाठ्यक्रम मौन छन् । विभिन्न विधाहरूको संयोजन गरिएका दुईटै पाठ्यक्रममा कुनै पनि विधाका लागि शिक्षण विधि उल्लेख गरिएको पाइदैन । जस्तै कथा, कविता, नाटक, एकाङ्की, भाषा, साहित्य जस्ता विधाहरूको शिक्षण गर्दा के कस्तो विधिबाट शिक्षण गराउने भन्ने कुरा उल्लेख भएको पाइदैन् । शिक्षण विधि वा प्रक्रिया पाठ्यक्रमको अभिन्न अङ्ग मानिने हुँदा यसलाई पाठ्यक्रममा समावेश गर्नु अति नै आवश्यक मानिन्छ । त्यसैगरी यी दुवै भाषा पाठ्यक्रमले दलित, जनजाति, अपाङ्गजस्ता बालबालिकाहरूलाई शिक्षण गर्दा के कस्तो शिक्षण विधि वा प्रक्रिया अवलम्बन गर्ने भन्ने कुरालाई निर्देश गराउन सकेका छैनन् । त्यसकारण पाठ्यक्रम निर्माण गर्दा शिक्षण विधि वा प्रक्रियाका बारेमा स्पष्ट निर्देशन गर्नु पर्ने देखिन्छ ।

शिक्षण सिकाइका क्रममा प्रयोग गरिने विधि वा पद्धतिलाई सामान्य र विशिष्ट पद्धति भनेर छुट्याइएको पाइन्छ । सामान्य पद्धतिहरू पहिलो भाषा सिकाइका लागि विशिष्ट पद्धतिहरू दोस्रो भाषा सिकाइका लागि उपयोगमा ल्याएको पाइन्छ । सिकाइको विषयवस्तुको आवश्यकता हेरी यी दुवै पद्धतिहरूको प्रयोग एउटै ठाउँमा पनि हुन सक्छ । जे, होस, भाषाको शिक्षणका क्रममा कुनै न कुनै विधि वा पद्धतिहरूको विकास र प्रयोग भएको पाइन्छ । शिक्षण विधिलाई भाषाविद् एडवार्ड एन्थोनीले सन् १९६३ मा यसरी परिभाषित गरेका छन् । “विधि भाषा-सामग्रीहरूको क्रमबद्ध प्रस्तुतिका लागि एउटा समष्टिगत योजना हो । यसका अंशहरू बीच कुनै विविधता पाइदैन तथा ती अंशहरू निश्चित र चुनिएका पद्धतिमा आधारित हुन्छन् । पद्धति स्वयम्सिद्ध हुन्छ तर विधि प्रक्रियात्मक हुन्छ । एउटा पद्धति अन्तर्गत धेरै विधिहरू आउन सक्छन् ।”

यसरी शिक्षण विधिलाई भाषापाठ्यक्रमको क्रमबद्ध प्रस्तुतिका लागि बनाइएको योजनाका रूपमा एन्थोनीले लिएका छन् । नेपाली भाषालाई पहिलो वा दोस्रो भाषाका रूपमा सिक्दा निम्नलिखित विधि वा पद्धतिहरूलाई प्रयोग गर्नु पर्ने हुन्छ ।

- निगमनात्मक पद्धति
- आगमनात्मक पद्धति
- श्रुतिभाषिक पद्धति
- व्याकरण विधि
- अनुवाद विधि
- व्याकरणानुवाद विधि

- संज्ञानात्मक पद्धति
- प्राकृत वा नैसर्गिक पद्धति
- प्रकार्यात्मक पद्धति
- सम्प्रेषणात्मक पद्धति
- मौखिक संरचनासन्दर्भ विधि
- प्रत्यक्ष विधि
- पठन विधि
- मौन विधि
- ध्वन्यात्मक विधि
- भाषा नियन्त्रण विधि

## ४.६ मूल्याङ्कन प्रक्रियाका आधारमा पाठ्यक्रमको तुलना

मूल्याङ्कनका आधारमा यी दुई पाठ्यक्रमको तुलना गर्दा दुवैको मूल्याङ्कन व्यवस्थालाई आधार मानी तुलना गरिएको छ । हाम्रो देशको शिक्षा प्रणालीमा चलिआएको एक मात्र मूल्याङ्कनको साधन परीक्षा हो र परीक्षामा कुन विद्यालाई कसरी र कति अङ्कमा मूल्यांकन गर्ने व्यवस्था छ भन्ने जानकारी यस अध्ययनबाट पाउन सकिन्छ । कक्षा ११ र १२ को ऐच्छिक नेपाली भाषा पाठ्यक्रमा मूल्याङ्कन व्यवस्थाका लागि निम्न तालिका समावेश गर्न सकिन्छ ।

| क्र.सं. | कक्षा ११ का विधाहरू | अङ्क | कक्षा १२ का विधाहरू |
|---|---|---|---|
| १ | नेपाली कथा | ३० | नेपाली कविता |
| २ | नेपाली उपन्यास | २० | नेपाली खण्डकाव्य |
| ३ | नेपाली निबन्ध | २० | नेपाली नाटक |
| ४ | नेपाली भाषा | २० | नेपाली एकाङ्की |
| ५ | साहित्य परिचय | १० | नेपाली साहित्यको इतिहास |

कक्षा ११ र १२ का ऐच्छिक नेपाली पाठ्यक्रमले विभिन्न विद्याहरूको मूल्याङ्कनका लागि अङ्कभार छुट्याएको पाइन्छ । कक्षा ११ मा कथा विद्याका लागि ३०, उपन्यासका लागि २०, नेपाली निबन्धका लागि २०, नेपाली भाषाका लागि २० र साहित्य परिचयका मूल्याङ्कनका लागि १० अङ्क छुट्याइएको छ । त्यस्तै कक्षा १२ को पाठ्यक्रमले नेपाली कविताका निम्ति ३०, खण्डकाव्यका निम्ति २०, नाटकका निम्ति २०, एकाङ्कीका निम्ति २० र नेपाली साहित्यको इतिहासका लागि १० अङ्क छुट्याएको छ र मूल्याङ्कन व्यवस्थालाई स्पष्टसँग अलग अलग गरेर देखाएको पाइन्छ । दुवै पाठ्यक्रमहरूको प्रतिहप्ता पाठ्यभार ६ घण्टी रहेको छ भने बार्षिक पाठ्यभार १५० घण्टी रहेको छ । यसरी विविध विधाहरूको संयोजन भएका पाठ्यक्रमहरूलाई पाठ्यभार र अङ्कभार विभाजन गरी मूल्याङ्क गर्न सजिलो बनाइएको पाइन्छ । पाठ्यक्रममा यसरी अङ्क वितरण गर्दा शिक्षणमा सुधार ल्याउन र पृष्ठपोषण प्रदान गर्न सहयोग पुग्दछ । यसरी हेर्दा दुवै पाठ्यक्रम वैज्ञानिक, व्यावहारिक एवम् कार्यमूलक देखिए पनि उद्देश्य र विषयवस्तु अनुसारको शिक्षण विधिको उल्लेख

नगरिएकोले मूल्याङ्कन प्रक्रिया पनि असङ्गतिपूर्ण देखिन्छ । मूल्याङ्कन विधि बारे समस्या रहेका उ.मा.वि.तहका पाठ्यक्रमका उद्देश्य, विषयवस्तु र शिक्षण विधिका बीच सङ्गति हुने खालको पाठ्यक्रम निर्धारण गर्नु आवश्यक हुन्छ ।

दृष्टिविहिन विद्यार्थीहरूको मूल्याङ्कनको लागि अन्तिम परीक्षामा अन्य विद्यार्थी सरह १०० पूर्णाङ्कको लिखित परीक्षालाई मात्रै आधार बनाएर मूल्याङ्क गर्नु पनि त्यति युक्तिसङ्गत देखिदैन । यसका लागि कक्षाकोठा छलफल, आन्तरिक मूल्याङ्कन, शिक्षण-सिकाइ क्रियाकलापमा सहभागिता, अवलोकन, अन्तर्वार्ता जस्ता कुराहरूलाई पनि स्थान दिनुका साथै निश्चित प्रतिशत अङ्क मौखिक परीक्षाको लागि पनि छुट्टयाउनु पर्ने देखिन्छ । किन भने सहयोगीका माध्यमबाट लेखिएको परीक्षाबाट मात्र उनीहरूको कार्यदक्षताको सही मूल्याङ्कन हुन सक्दैन । पहिलो भाषाका रूपमा नेपाली भाषा बोल्ने र दोस्रो भाषाका रूपमा नेपाली भाषा बोल्ने बालबालिकाहरूको भाषिक दक्षतालाई एकै प्रकारले मूल्याङ्कन गर्नु पनि त्यति उपयुक्त मानिदैन । त्यस्तै शैक्षिक सत्रको अन्त्यमा मात्र परीक्षा लिने र त्यसैबाट विद्यार्थीको मूल्याङ्कन गर्ने व्यवस्था पनि अलिकति नमिलेको जस्तो देखिन्छ किन भने यसबाट विद्यार्थीको प्रगतिको लेखाजोखा गर्न कठिनाई पर्छ र शैक्षिक सत्रको अन्त्यमा हुने परीक्षामा धेरै जसो फेल हुने सम्भावना रहन्छ । बीच-बीचमा निरन्तर मूल्याङ्कन भइरह्यो भने शिक्षण सिकाइका निम्ति शिक्षक र विद्यार्थी दुवैलाई सहयोग पुग्दछ । यी दुवै पाठ्यक्रमको मूल्याङ्कन प्रक्रियालाई हेर्दा विद्या अनुसार र पाठ्यअनुसार मूल्याङ्कन गर्ने, गराउने अभिप्राय रहेको पाइन्छ । तापनि हालको मूल्याङ्कन प्रणालीबाट विद्यार्थीको सही मूल्याङ्कन हुन सक्ने अवस्था छैन् । त्यसैले अबको नयाँ पाठ्यक्रम निर्माण गर्दा सबै भाषिक सीप, विषयवस्तु र वर्गलाई समेटी मूल्याङ्कन प्रक्रिया निर्धारण गर्नू आवश्यक देखिन्छ । उ.मा.वि. तहको पाठ्यक्रम निर्माण गर्दा निर्माणात्मक, निर्णयात्मक, उपलब्धि, दक्षता, अभिक्षमता र निदानात्मक मूल्याङ्कन जस्ता प्रक्रियालाई समावेश गर्नु पर्ने देखिन्छ । यसमा पनि छोटा प्रश्न सोधी मौखिक छलफल वा लिखित उत्तर माग्ने, कक्षाकार्य, गृहकार्य गर्न लगाउने, लिखित परीक्षामा बस्तुगत प्रश्नहरू पनि समावेश गर्ने, जस्ता परीक्षा प्रणाली अपनाई निर्माणात्मक मूल्याङ्कनलाई विशेष जोड दिनु पर्ने देखिन्छ । विद्यार्थीहरूले देखेका, सुनेका र भोगेका कुराहरूलाई विश्लेषण गर्ने क्षमताको विकास गर्न विभिन्न विधि अपनाई मूल्याङ्कन गर्न सकिन्छ ।

# अध्याय-पाँच

## निष्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

उच्च माध्यमिक तहअन्तर्गतको कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली भाषापाठ्यक्रमको तुलनात्मक अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ ।

१. कक्षा ११ को ऐच्छिक नेपाली र कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यक्रममा पाठ्यवस्तुको क्षेत्र सङ्ख्या समान रहे तापनि पाठ्यवस्तुका विधाहरू तथा विषयवस्तुको आधारमा असमानता रहेको पाइन्छ ।

२. कक्षा ११ को पाठ्यक्रमले भाषासम्बन्धी विषयवस्तु समावेश गरेको छ भने कक्षा १२ को पाठ्यक्रमले भाषासम्बन्धी कुराहरू समावेश गरेको छैन् ।

३. कक्षा ११ को नेपाली कथा विधामा कथाको सङ्ख्या ९ रहेको छ भने कक्षा १२ को नेपाली कविता विधामा कविताको सङख्या १७ रहेको छ । यी दुवै विधाहरूलाई समान पाठ्यभार र अङ्कभार छुट्याए पनि विषयवस्तुगत आधारमा भने धेरै अन्तर रहेको पाइन्छ। ।

४. त्यसैगरी कक्षा ११ को नेपाली निबन्ध विधामा निबन्धको सङ्ख्या ९ रहेको छ भने कक्षा १२ को नेपाली नाटक मा नाटकको सङ्ख्या ३ रहेको छ । यी दुवै विधाहरूको पनि पाठ्यभार अङ्कभार समान छ तर विषयवस्तुगत अन्तर रहेको पाइन्छ ।

५. कक्षा १२ को पाठ्यक्रममा विषयवस्तुको क्षेत्रगत बिस्तार गरिएको छ ।

६. दुवै पाठ्यक्रमहरूमा पाठ्यांश परिचय दिइएको छ ।

७. दुवै पाठ्यक्रमहरूमा साधारण र विशिष्ट उद्देश्यहरूलाई स्पष्टसँग उल्लेख गरिएको छ ।

८. दुवै पाठ्यक्रमले तोकेका उद्देश्यहरू भाषिक सीपसँग सम्बन्धित छन् ।

९. दुवै पाठ्यक्रममा विधागत विविधता पाइन्छ ।

१०. कक्षा ११ को पाठ्यक्रममा कथा, उपन्यास, निवन्ध, नेपाली भाषा र साहित्य परिचयजस्ता पाठ्यवस्तु समावेश छन भने कक्षा १२ को पाठ्यक्रममा कविता, खण्डकाव्य, नाटक, एकाङ्की र नेपाली साहित्यको इतिहासजस्ता पाठ्यवस्तु समाविष्ट छन् ।

११. दुवै पाठ्यक्रमको अङ्कभार १०० तोकिएको छ ।

१२. दुवै पाठ्यक्रमको वार्षिक पाठ्यभार १५० घण्टी तोकिएको छ भने साप्ताहिक पाठ्यभार ६ घण्टी रहेको छ ।

१३. दुवै पाठ्यक्रममा छपाई शुद्ध र स्पष्ट छ ।

१४. दुवै पाठ्यक्रमको सिलाइ र बँधाइ बलियो किसिमको छ र आवरण पृष्ठ पनि उपयुक्त नै छ ।

१५. दुवै पाठ्यक्रममा समावेश गरिएका विद्याहरूमा अङ्कभार र समयभार अलग अलग छुट्ट्याइएको छ ।

१६. दुवै पाठ्यक्रममा निरन्तर मूल्याङ्कनसम्बन्धी कुनै कुरा उल्लेख गरिएको छैन ।

१७. शिक्षण विधि/प्रक्रिया र शिक्षण सामग्रीको प्रयोगसम्बन्धी कुरामा दुवै पाठ्यक्रम मौन छन् ।

१८. शब्दकोशको प्रयोग, उखान टुक्का जस्ता कुराहरूलाई दुवै पाठ्यक्रममा राखिएको छैन ।

१९. यी दुवै पाठ्यक्रमका आधारमा शिक्षक निर्देशिका तथा प्रश्न निर्माणका लागि उपयोगी पुस्तकहरू तयार पारिएका छन् ।

२०. सन्दर्भपुस्तक वा पाठ्यक्रमले तोकेको विधा र विषयवस्तुसँग सम्बन्धित एउटै पुस्तक नभई विभिन्न लेखक तथा प्रकाशनसँग सम्बन्धित सहायक पुस्तकहरू दुवै पाठ्यक्रमका लागि तयार गरिएका छन् ।

२१. दुवै पाठ्यक्रमहरूमा समाविष्ट विधागत पाठ्यसामग्रीहरू रोचक र ज्ञानवर्द्धक छन् ।

२२. दुवै पाठ्यक्रमको शैक्षिक सत्रको अन्त्यमा एक पटक मात्र लिखित परीक्षाद्वारा मूल्याङ्कन गर्ने प्रक्रिया रहि आएको छ ।

२३. दुवै पाठ्यक्रमका साधारण उद्देश्यहरू ४-४ वटा तोकिएका छन् ।

२४. कक्षा ११ को पाठ्यक्रमले ५ वटा विशिष्ट उद्देश्यहरू तोकेको छ भने कक्षा १२ को पाठ्यक्रमले ४ वटा मात्रै राखेको छ ।

२५. उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको स्तर अनुरूपका विषयवस्तु दुवै पाठ्यक्रममा समाविष्ट छन् ।

२६. कक्षा ११ को पाठ्यक्रममा विधाहरूको प्रारम्भमा पाठ्य विषयको विवरण भनेर उल्लेख गरिएको छ भने कक्षा १२ को पाठ्यक्रमले सीधै विधाको क्षेत्र र क्रम राखेको छ ।

२७. नेपाली भाषालाई पहिलो वा दोस्रो भाषाका रूपमा पठनपाठन गरी थप ज्ञान आर्जन गर्ने उद्देश्यले यी दुवै पाठ्यक्रमको निर्माण भएको हो ।

२८. भाषातत्त्व र शब्दभण्डारका कुराहरू अनिवार्य नेपालीमा पढ्नु पर्ने हुँदा यी दुवै पाठ्यक्रममा साहित्यका विभिन्न विधाहरूको मात्रै समावेश गरिएको छ ।

२९. देशका विभिन्न जातजाति, वर्ग, समुदाय, संस्कृति, परम्परा र मूल्य -मान्यताहरूलाई दुवै पाठ्यक्रमले समेट्न सकेको छैन ।

## ५.२ सुझावहरू

यस पाठ्यक्रमसम्बन्धी तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू दिन सकिन्छ -

१. पाठ्यक्रममा समसामयिक विषयवस्तुलाई उद्देश्यका रूपमा समावेश गर्नुपर्दछ ।

२. कक्षा ११ को पाठ्यक्रमले भाषासम्बन्धी विषयवस्तु समावेश गरेको छ तर कक्षा १२ मा यो कुरा समावेश छैन । कक्षा १२ को पाठ्यक्रमले पनि नेपाली भाषा सम्बन्धी विषय बस्तु समावेश गर्दा उपयुक्त हुने देखिन्छ ।

३. सैद्धान्तिक कुराहरूमा जोड दिई घोक्नु पर्ने खालका विषयवस्तुभन्दा प्रायोगिक कुराहरूलाई प्राथमिकताका साथ पाठ्यक्रममा समावेश गर्नु पर्ने देखिन्छ ।

४. पाठ्यक्रम निर्माण गर्दा शिक्षाशास्त्रीय नियमको आत्मसात गर्दै उद्देश्य तथा विषयवस्तु अनुसारका शिक्षण सामग्रीहरूको उल्लेख गरिनुपर्दछ ।

५. शिक्षण विधि तथा प्रक्रियाका बारेमा पाठ्यक्रमले जानकारी दिन सक्नुपर्छ । तर यो कुरा दुवै पाठ्यक्रमले उल्लेख नगरेको हुँदा यसमा पनि विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

६. पाठ्यक्रम कार्यान्वयनका निम्ति उपयोगी निर्देशनहरू दिन सक्ने खालका शिक्षक निर्देशिका, पाठ्यक्रम निर्देशिका तथा परीक्षा निर्देशिकाहरू तयार पारिनु पर्दछ ।

७. पाठ्यक्रममा प्रत्येक विधाका लागि उपयोगी र आवश्यक पर्ने शिक्षण विधि तथा शिक्षण सामग्रीहरूको स्पष्ट उल्लेख हुनु पर्ने देखिन्छ ।

८. पाठ्यक्रममा विधा र विषयवस्तु अनुसारको समय प्रतिशत छुट्याउनुका साथै पाठ्यक्रमलाई स्तर अनुकूल बनाई शिक्षण सिकाइलाई रोचक र प्रभावकारी बनाउने खालका विषयवस्तु समावेश गर्नु पर्ने देखिन्छ ।

९. मूल्याङ्कनलाई निरन्तर प्रक्रियाका रूपमा लिई यसका लागि यथोचित अङ्कभारको व्यवस्था गर्नुका साथै निर्माणात्मक र निर्णयात्मक मूल्यांकन प्रक्रियामा निरन्तरता दिनुपर्ने देखिन्छ ।

१०. पाठ्यक्रमका उद्देश्यहरूले तोकेका भाषिक सीपहरूको मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिनु पर्ने देखिन्छ ।

११. दलित, जनजाति, अपाङ्ग, महिला, पिछडिएका वर्ग आदि कुनै पनि समुदायको भावनामा आँच आउने खालका विषयवस्तु समावेश गर्नुभन्दा तिनीहरूलाई सिकाई प्रति उत्प्रेरित गर्ने र हौसला बढाउने खालका विषयवस्तु समावेश गर्नु पर्ने देखिन्छ ।

१२. प्रत्येक १० वर्षमा पाठ्यक्रममा फेरबदल गर्ने भन्ने कुरा नेपालको शिक्षानीतिमा उल्लेख गरिए पनि २०५६ सालदेखि हालसम्म सोही पाठ्यक्रम लागु भइरहेकोमा यसमा पनि हेरफेर गर्नु पर्ने देखिन्छ ।

१३. माध्यमिक तहमा समावेश गरिएका केही कथा, कविता यी पाठ्यक्रमहरूमा पनि दोहोरिएका छन् । जसलाई विद्यार्थीको स्तर अनुरूप फेरबदल गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भसूची


१. अधिकारी, हेमाङ्गराज, नेपाली भाषा शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार,२०५९) ।

२. अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा, प्रारम्भिक नेपाली शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार,२०६३ ।

३. ______________________ , भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९।

४.. उच्च माध्यमिक विद्यालय पाठ्यक्रम (कक्षा ११), सानोठिमी : उच्च माध्यमिक शिक्षा परिषद् ,२०५६।

५. उच्च माध्यमिक विद्यालय पाठ्यक्रम (कक्षा १२), सानोठिमी :उच्च माध्यमिक शिक्षा परिषद् भक्तपुर,२०५६ ।

६. खड्का, मैँया, 'माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०३८ र २०५५ को तुलनात्मक अध्ययन' अप्रकाशित, शोधपत्र, शिक्षाशास्त्र महेन्द्ररत्न क्याम्पस, २०५९ ।

७ ज्ञवाली, रामप्रसाद, गणेशप्रसाद भट्टराई र टङ्कराज आचार्य, ऐच्छिक नेपाली कक्षा ११ ( नेपाली गद्य, भाषा र साहित्य), काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

८. गौतम, देवीप्रसाद, नेपाली भाषा परिचय, काठमाडौं : साझा प्रकाशन, २०४५ ।

९. ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रियूटर्स, २०६१/२०६२ ।

१०. ढुङ्गाना, तुलसीप्रसाद, प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौं : सुजाता प्रकाशन, २०६५ ।

११. थापा, नारदकुमार, 'माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन'अप्रकाशित, शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर, २०६२ ।

१२. निरौला, फणीन्द्रराज र लेखप्रसाद निरौला, नेपाली कविता, नाटक र साहित्यको इतिहास (कक्षा १२), काठमाडौं : प्रधान बुक हाउस, २०६५ ।

१३. न्यौपाने, विनोद, माध्यमिक शिक्षक दर्पण, बौद्धिक दर्पण प्रकाशन, २०६६ ।

१४. पोखरेल, बालकृष्ण : राष्ट्रभाषा, काठमाडौं : साझा प्रकाशन, २०५० ।

१५. बन्धु, खेम कोइराला र रामप्रसाद गौतम, अनुसन्धान विधि, काठमाडौं : दीक्षान्त प्रकाशन, २०६५ ।

१६. भट्टराई, रामप्रसाद, भाषिक अनुसन्धान विधि, काठमाडौं : शुभकामना प्रकाशन, २०६५ ।

१७. भट्टराई, राधा, 'कक्षा १० को महेन्द्रामला (२०३०) र नेपाली पाठ्यपुस्तक (२०६०) को तुलनात्मक अध्ययन',अप्रकाशित, शोधपत्र  शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर, २०६४ ।

१८.वाग्ले, मनप्रसाद र लेखनाथ पौडेल, पाठ्यक्रम र मूल्याङ्कन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

१९. शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल नेपाली भाषा र साहित्य शिक्षण (पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति सहित) काठमाण्डौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६० ।

२०. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, नेपाली गद्य र भाषासाहित्य, काठमाडौं : नवीन प्रकाशन, २०५५ ।

२१. शर्मा, चिरञ्जीवी, पाठ्यक्रम र मूल्याङ्कन, काठमाडौं : एम.के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, २०५८ ।

२२ सुवेदी, टीकाराम, कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली माला, को तुलनात्मक अध्ययन, शोधपत्र, शिक्षाशास्त्र, महेन्द्ररत्न क्याम्पस ताहाचल, २०५९ ।